अन्तिम लेखापरीक्षण प्रतिवेदन

चैनपुर नगरपालिका
संखुवासभा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

चैनपुर नगरपालिका

संखुवासभा

आर्थिक वर्ष २०७९/८०



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

चैनपुर नगरपालिका

संखुवासभा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानकोधारा २४१ मा संघ, प्रदेश र स्थानीयतहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०को उपदफा २मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ।लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिदव्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन,जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारितासमेतलाई दृष्टिगत गर्दै कार्यान्वयन योग्य सुझाव प्रदान गरी सुशासन कायम गर्नसहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेतापनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्योंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन।अतः लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु।साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)

२०८१।जेष्ठ

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
कोशी प्रदेश

मितिः२०८१।०२।१५

प.सं. २०८०।८१
च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू ,
चैनपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
चैनपुर, संखुवासभा।

१. **कैफियतसहितको राय–** हामीले चैनपुरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण,त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा,यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियतसहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तर सरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.६ करोड २ लाख ६९ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रू.६ लाख ११ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. २२ लाख ५३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.४ करोड २ लाख ५ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ७२ लाख समेत रू. ५ करोड ९६ लाख ५८ हजार रहेको छ ।यस नगरपालिकाको गतवर्ष सम्म रु.२८ करोड ३ लाख ६१ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. २९ करोड ६२ लाख ४७ हजार रहेको छ । यस नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ।वित्तीय प्रतिवेदन तयार गर्ने यस नगरपालिकासँग हामी स्वतन्त्र

छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्यगरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा** -ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी** - नेपाल सार्वजनिक क्षेत्र लेखामान(नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी यस नगरपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुने छन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनीयथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

चैनपुर नगरपालिका,

संखुवासभा जिल्ला,

१. चालु वर्ष २०७९।८० को बेरुजु

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फस्र्यौट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या			दफा संख्या			दफा संख्या									
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
६१	५२	६०२६९	०	१०	६११	६१	४२	५९६५८	२२५३	१७२००	४०२०५	०	०	५९६५८	०

२. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्र्यौट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
संखुवासभा	२८०३६१	०	४३७७२	२३६५८९	०	५९६५८	२९६२४७

३. बेरुजु सम्परीक्षणको विवरण

क्र. सं	आर्थिक वर्ष	बेरुजुको दफा	छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
	२०७९।८०	१७	जिन्सी दाखिला गरेको प्रमाण पेश भएको	३६४७८१।००
	२०७९।८०	३१	नपाउने यातायात भत्ता असुली भई आएको	२४४८०।००
	२०७९।८०	३४.१	बिल भरपाई बेगर भुक्तानी रकम असुल भई आएको	५८११।००
	२०७९।८०	४५	नर्म्स विपरित खर्च रकम असुल भई आएको	६७५०।००
	२०७९।८०	४७	नपाउने यातायात खर्च असुल भई आएको	९५००।००
	२०७९।८०	४८	नपाउने दैनिक भ्रमण भत्ता असुल भई आएको	६७४०५।००
	२०७९।८०	५७	मृत्यु भएकालाई भुक्तानी सा सु असुल भई आएको	१०२७३८।००
	२०७९।८०	५९	दोहोरो परेका सामाजिक सुरक्षा लाभग्राही असुल भई आएको	७९८०।००
	२०७९।८०	६२.२	सा.सु. संघीय कोषमा फिर्ता	७८६७।००

	२०७९।८०	९८	करारलाई महगी भत्ता भुक्तानी असुल भई आएको	१४०००।००
	चालु वर्षको जम्मा			६११३७२।००
	गत विगत वर्षतर्फको			
	२०७६।७७	विभिन्न दफाहरु	विभिन्न व्यहोराहरू	१०९६३००।००
	२०७५।७६	विभिन्न दफाहरु	विभिन्न व्यहोराहरू	५७६५८१४।७५
	२०७३।७४	विभिन्न दफाहरु	विभिन्न व्यहोराहरू	३६९०९८००।००
	गत विगतको जम्मा			४३७७१९१४।७५
	कुल जम्मा			४४३८३२८६।७५

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिकाको उद्देश्य रहेको छ । कोशी प्रदेश, सँखुवासभा जिल्लामा अवस्थित यो नगरपालिका पहाडी भू-वनोट भएको नगरपालिका हो । २०६८ को जनगणना अनुसार यस नगरपालिकाको जनसंख्या ५९३९ रहेको छ भने यस क्षेत्रफल २२३ वर्ग कि.मि. रहेको छ र यो क्षेत्रफलका हिसाबले जिल्लाको सबै भन्दा ठुलो स्थानीय तह रहेको छ ।यस नगरपालिकामा ११ वटा वडाहरूमा विभाजन गरिएको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।६।८ देखि २०८०।६।२६ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरू सीमाको रूपमा रहेका छन् । सारभूत रूपमा

उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय – व्ययतर्फ रू.८०,५८,३५,०२७।१७ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरू -

२ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान(NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२)सम्बन्धमा निम्नअनुसार देखिएको छः

सैद्धान्तिक बेरूजु

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रू.११९४१५३०९।४१ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

सैद्धान्तिक बेरूजु

४ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रू.९,५०,१४,७६६।०० मौज्दात रहेकोमा यो वर्ष रू.९,५४,३४,४१२।७९ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रू.४,१९,६४६।७९ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने ।

प्रमाण पेश नगरेको	४,१९,६४६

५ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरी तयार गर्नुपर्ने व्यबस्था रहेको छ ।पालिकाले त्यस्तो प्रणाली तयार

गरी लागु गरेको पाईएन । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथी विश्वस्त हुन सक्ने अवस्था छैन ।यस सम्बन्धमा परीक्षण गर्दा गाँउपालिकाले एक आर्थिक बर्ष भित्र भएको आर्थिक कारोबारको अनुसुची ११ बमोजिमको ढाँचामा बार्षिक प्रतिवेदन तयार नगरेको, अन्तरसरकारी वित्त व्यबस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार नगरेको, दीगो बिकास लक्ष्य पुरा गर्न वातावरण सँरक्षण लगायत आन्तरिकीकरणको लागि एकिकृत दीर्घकालिन योजना तयार नगरेको, पालिका स्तरको सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको, सार्वजनिक खरिद ऐन, २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरू योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार नगरेको, गाँउपालिकाले विगतमा परामर्शदाताबाट बिस्तृत परियोजना प्रतिवेदन तयार गरकोमा सोको कार्यान्वयन र अध्यावधिक अभिलेख नराखेको, गाँउपालिकाले आफ्नो क्षेत्रभित्रत्का बिद्यालय गर्न अनुगमन मापदण्ड तयार नगरेको, बिद्यालय अनुगमन मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यबस्था नरहेको, कार्यालयले उदेश्य प्राप्तीमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको, म.ले.प फाराम ८०१ देखि ८०५ सम्मका लेखा परीक्षण तथा बेरूजु व्यबस्थापन सम्बन्धी फारामहरू अभिलेख नराखेको, मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तहमा समाहित भएका साविक गाँउ विकास समिति तथा व्यक्तिगत नाममा रहेको पेश्की तथा बेरूजु र कोष तथा खातामा बाँकी रहेको रकम गाँउपालिकामा जिम्मेवार सारेको र नियमानुसार पेश्की फछ्र्यौट तथा बेरूजु सम्परीक्षण कार्य गरेको अभिलेख नराखेको र जिन्सी निरीक्षण गरेता पनि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९(१) अनुसारको प्रतिवेदन नगरेको लगायतका व्यहोरा देखिएकोले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यबस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरूजु

६ **खर्च बिश्लेषण -** पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रू. १,६६,६२,१२१।७० राजस्व बाँडफाँड र अनुदानबाट रू.६३५३६२६६८।४१ समेत रू.६५२०२४७९०।११ आम्दानी भएकोमा चालु तर्फ रू.४०८७०५४५७।०० र पूँजिगत तर्फ रू.२६६६३९२८७।०० समेत रू.६७५३४४७४४।०० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.४६ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रू.९४०७२९९।०० खर्च भएको छ जुन आन्तरिक आयको ५६.५० प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६०.५२ प्रतिशत चालु र ३९.४८ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरूपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरूजु

७ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०७९।०३।१० मा रू. ७५ करोड ९५ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।०३।१० मा पारित भएको छ । यसै गरी स्थानीय तहका प्रमुखले मिति २०७९।०४।०२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरि सक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरूजु

८ **त्रैमासिक पूँजीगत खर्च –** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ।पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

क्र.सं	बजेट शिर्षक उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				
			प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	आषाढ महिना
१	समानीकरण अनुदान	८,३८,७३,७०४	९८,४९२	१,८५,५७,६२१	१,६७,०५,४४१	३,१४,३६,३४५	१,२५,४२,७४५
२	आन्तरिक स्रोत	७,४७,०८,०००	०	१,३०,४९,५०८	१,८७,८०,२२१	३,३२,१६,२६६	४२,१३,६२५
३	राजस्व बाँडफाड	२,३७,००,०००	३,०४,७६७	५,८६,४७०	२२,७६,८४५	१,४८,७६,६१८	१,८०,३०८
४	सँघीय सशर्त अनुदान	२,४७,००,०००	७,२९,३७४	१४,४८,८२९	५५,०१,४४२	१,२०,९९,९९६	१,१२,७५,५४२
५	सँघीय समपुरक	६,२०,००,०००	०	६९,९७,६११	३,३३,५१,०६७	१,७६,२२,४२२	१,२६,२६,८४१
६	प्रदेश सशर्त अनुदान	४५,००,०००	0	0	०	२६,५०,९७१	२६,५०,९७१
जम्मा		२७३४८१७०	११३२६३	४०६४००३९	७६६१५०१६	१११९०२६१	४३४९००३२

	४	३			८	

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रू.२७,३४,८१,७०४।००निकासा/खर्च भएकोमा प्रथम त्रैमासिक मा रू. ११,३२,६३३।००(०.४१ प्रतिशत), दोस्रो त्रैमासिकमा रू.४,०६,४०,०३९।००(१४.८६ प्रतिशत) र तेस्रो त्रैमासिकमा रू.७६६१५०१६।०० (२८ प्रतिशत) खर्च गरेको देखिएको छ। यसरीनै चौथो त्रैमासिकमा रू.११,१९,०२,६१८।००(५० प्रतिशत) र अषाढमा महिनामा रू.४,३४,९०,०३२।००(१६ प्रतिशत) मात्र खर्च देखिनुले चौथो त्रैमासिक र अषाढ महिनामा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन।स्वीकृत कार्यक्रम अनुसार चौमासिक रूपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ।वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरूप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

सैद्धान्तिक बेरूजु

९ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ४४ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका इन्जीनियर, सब ईन्जिनियर सहित २५ पदहरू रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरू यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

सैद्धान्तिक बेरूजु

१० **आवधिक योजना –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजनाको पाथवे ईन्जिनियरिङलाई रू. १४,५०,०००।०० भुक्तानी गरेको छ । आवधिक योजनाले पालिकाको ५ वर्षको वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरूलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि दीर्घकालीन अन्तरिक आय बढाउने रोड म्याप सहित कहा पुर्याउने सो विषयकमा आवधिक योजना तर्जुमा गर्दा पर्याप्त छलफल गरेको देखिएन । सभाबाट अनुमोदन गरी कार्यपालिका बाट आवधिक योजना स्वीकृत गरेको देखिएन ।

सैद्धान्तिक बेरूजु

११ **कर्मचारी करार –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्य बोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न सकिने व्यवस्था छ। तर पालिकाले विभिन्न ७ पदमा ३३ जना कर्मचारीहरू करारमा राखी रू.१०११४४३१ खर्च लेखेको छ। त्यसै गरी सोही ऐनको दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ। स्थानीय तहले माथि उल्लेखित पद वाहेकको ईन्जिनियर १ जना, सवईन्जिनियर २, असिष्टेन्ट सबईन्जिनियर ४, सहायक पाचौं १, कम्युटर अपरेटर १, सहायक चौंथौ १३ गरी ६ पदमा २२ जना करार नियुक्ति गरी बर्षभरीमा रू.७२,२५,७२७।०० भुक्तानी गरेको देखिएको छ। यसरी करारमा भर्ना गर्न नमिल्ने पदमा कर्मचारी भर्ना गरी निजहरूको तलब भत्तामा गरेको उक्त खर्च नियमसम्मत नदेखिएको रू.

अनियमित भएको	७२,२५,७२७

१२ **योजना तथा कार्यान्वयन –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै, योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरूप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी साना साना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनु पर्दछ। यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरू देहायअनुसार छन्ः

क्र. सं.	विवरण	योजना संख्या	रकम
१	रू. १ लाख भन्दा कमको योजना	३०	१६०२७४४।००
२	रू. १ लाख देखि २ लाख सम्मका योजना	१०३	१४७५००००।००
३	रू. २ लाख देखि ५ लाख सम्मका योजना	७९	२९८०००००।००
४	रू.५ लाख एक देखि १० लाख सम्मका योजना	१७	१३००००००।००
५	१० लाख भन्दा माथीका	६	१८८९००००।००
जम्मा		२३५	७८०४२७४४।००

सैद्धान्तिक बेरूजु

१३ **क्षेत्रगत बजेट र खर्चको स्थिति –** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	३,२७,८०,०००.००	२,६१,२०,३६६.१०	४.००
२	पूर्वाधार विकास	२७,७४,५६,७०४.०	२३,६८,८४,९१९.०२	३६.३८
३	सामाजिक विकास	३२,४०,८८,०३१.०	२९,४६,६५,०१५.४	४५.२५
४	वातावरण तथा विपद् व्यबस्थापन	३०,००,०००.००	११,७९,७४७.०	०.१९
५	वित्तिय व्यबस्थापन तथा सुशासन	५३,००,०००.००	११,२८,८००.००	०.१८
	सँस्थागत बिकास र सेवा प्रवाह			
६	कार्यसञ्चालन तथा प्रशासनिक खर्च	१२,२८,९३,२३८.००	९,१४,६०,६९३.३४	१४
	जम्मा	७६५५१७९७३।००	६५१४३९५४०।८०	१००

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक बिकासमा सबै भन्दा बढी ४५.२५ प्रतिशत र वित्तिय व्यबस्थापन तथा सुशासन/संस्थागत बिकास र सेवा प्रवाहमा सबै भन्दा घटीमा ०.१८ प्रतिशत रहेको छ।

सैद्धान्तिक बेरूजु

१४ **विविध खर्च –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाको यस वर्षको आन्तरिक आय रू.१,६६,६२,१२१।०० रहेकोमा विविध खर्चमा मात्र रू. २९,९८,२९१।०० (करीव १८ प्रतिशत) खर्च भएको पाइयो । यसमा सुधार हुनुपर्दछ ।

सैद्धान्तिक बेरूजु

१५ **आर्थिक सहायता –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा आर्थिक सहायता वितरणसम्वन्धमा उल्लेख भएको छैन।पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले विभिन्न व्यक्तिहरूलाई रू.१५,००,०००।०० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रू. १,६६,६२,१२१।०० को ९ प्रतिशत हुन आउँछ। निश्चित विधि र मापदण्ड वेगर कार्यपालिकाको निर्णय द्वारा आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।केहि उदाहरण -

गौ.नं/मिति	सहायता पाउने व्यक्ति	रकम

२६१/०७९/१०/२२	पार्वती अधिकारी	२९२०००
७३/०७९/७/२	संगिता कार्की	१०००००
९०/०७९/७/३	धन कुमारी भण्डारी	१०००००
१०८/०७९/७/२७	राज कुमार तामाङ	१०००००

सैद्धान्तिक बेरूजु

१६ **रित पूर्बकको कर बिजक –** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको करवीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । रितपूर्वकको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट मु.अ.कर रू.४७,३६२।०१ समेत रू. ४,११,६८५।१८ सामान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसायिले रितपूर्वकको कर बिजक वेगर भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रू.

गोभौनं./मिति	भुक्तानी पाउनेको नाम	प्यान नं.	कर विजकको अवस्था	भुक्तानी रकम	मुअकर कर रकम
४२।०७९।८।२३	चन्दाछा निर्माण सेवा एण्ड सप्लायर्स पाँचखपन ८	६०९८४४१८०	नबुझिनोस्पष्ट नभएको	४११६८५।१८	४७३६२।०१
जम्मा					४७३६२।०१

प्रमाण पेश नगरेको	४७,३६२.०१

१७ **जिन्सी सामान –** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २८ अनुसार जिन्सि मालसामान ७ दिन भित्र दाखिलागरी श्रेस्ता खडा गर्नु पर्ने उल्लेख छ।कार्यालयले विभिन्न कार्यको सिलसिलामा खरिद गरेको खप्ने र नखप्ने जिन्सि सामानहरू दाखिला नगरेको साथै अन्य संस्था लाई अनुदान स्वरूप उपलव्ध गराएको सामानको सम्वन्धित संस्था र कार्यालयले आफ्नो जिन्सि खातामा दाखिला नगरेका कारण जिन्सि दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रू.

गौ.भौ.नं/मिति	संस्थाको नाम	सामानको विवरण	रकम
५३/०७९/६/१२	नगरपालिका	डिभाईस	९३०००
जम्मा			९३०००

.... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई भएको आधारमा मिति २०८०।१२।२७ को निर्णयबाट रु. २,६४,७८१।- सम्परीक्षण गरिएको ।)

.... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई भएको आधारमा मिति २०८०।१२।२७ को निर्णयबाट रु. १,००,०००।०० सम्परीक्षण गरिएको ।)

प्रमाण पेश नगरेको	९३,०००

१८ **आय अनुमान –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवाशुल्क, दस्तुर वापत अनुमानित रू.७१,७९,३४,०२१।४८ प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रू.१,६६,६२,१२१।७० अर्थात अनुमान भन्दा २.३२ प्रतिशत बढी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्ने तर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

सैद्धान्तिक बेरूजु

१९ **आन्तरिक आय –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
३७,४०,४७,६७९.००	१,६६,६२,१२१.७०	४.४५

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ४.४५ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ।

सैद्धान्तिक बेरूजु

२० **कर तथा शुल्क असुली –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
एकिकृत सम्पत्ति कर	२५०००००।००	२३६२०६६।००	९४.४८
भुमि मालपोत कर	५००००।००	३३९०६।००	६७.८१

वहाल कर	२५०००००।००	८०९४१२।००	३२.३७
नक्सापास दस्तुर	२०००००।००	७३७२८।००	३६.८६४
सिफारिस दस्तुर	२४०००००।००	१०८३०७३।००	४५.१२

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरूजु

२१ **व्यवसाय कर –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनु पर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रू.१२,०६,२०५।०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्र भित्र रहेका व्यवसायीहरूको अभिलेख अध्यावधिक गरेको छैन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायरा भित्र ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरूजु

२२ **वार्षिक खरिद योजना/गुरूयोजना –** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरूयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरूयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू. १५,८९,७८,२७१.०२ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरू योजना नबनाई खरिद कार्य गरेको देखियो।अतःपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरूयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

सैद्धान्तिक बेरूजु

२३ **ठेक्का अभिलेख –** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

सैद्धान्तिक बेरूजु

२४ **ठेक्का व्यबस्था –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रूपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ४ देखि ४१.४५ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समानै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

सैद्धान्तिक बेरूजु

(विस्तृत विवरण बेरूजु दफा २४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२५ **धरौटी सदरस्याहा –** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम६७ मा तोकिए बमोजिमको कार्यविधि अपनाई कार्यालयप्रमुखले राजस्वमा आम्दानी बाँध्नुपर्ने उल्लेख छ । कार्यालयको यस आ.व.को अन्तमा रू.१,१५,०७,२०६.६८ धरौटी मौज्दातमा रहेको देखिन्छ । नियममा भएको व्यवस्था अनुसार प्रयोजन सकिएको धरौटी सदरस्याहा गरि धरौटी खाता अद्यावधिक गर्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

२६ **पेश्की बाँकी –** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौट नभई रू.११,७५,०००।०० बाँकी रहेको देखिन्छ । निम्नानुसारको म्याद नाघेको पेश्की रू.११,७५,०००।०० फस्यौंट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

(विस्तृत विवरण बेरूजु दफा २६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२७ **घटी अग्रम कर –** २४०- २०८०।३।१३ RK KRISHI TOOLS ले ब्रस कटर र मिनिटेलर खरिद वापत रू ३१००००को विल पेश गरेकोमा सो को १.५ प्रतिशतका दरले अग्रिम कर रू ४६५० कट्टा गर्नु पर्नेमा रू २३५५ मात्र कट्टा गरेको पाइएकोले नपुग कर असुल हुनु पर्ने रू.

असुल गर्नुपर्ने	२,३२५

२८ **अनुदानको अनुगमन –** सार्वजनिक निकायवाट उपलब्ध गराईएको अनुदानको सहि सदुपयोग भए नभएको एकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नु पर्दछ। तर पालिकाले कृषि,पशु तथा विभिन्न संस्थालाई वीउ पुँजी तथा अनुदानमा खर्च लेखेका छन।तर पालिकावाट वितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सो वाट प्रात उपलब्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन।तसर्थ अनुदान लाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानिय तहवाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राही को जीवनस्तरमा आएको यकिन गरी रकमको पुर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनु पर्दछ।केहि उदाहरणहरू

गौ. भौ . नं/मिति	अनुदानग्राहीको नाम	प्रयोजन	अनुदान रकम
४८/०८०/०१/८	सिंहदेवी गाई तथा भैंसीपालन समुह	गाई तथा भैंसी गोठ सुधार कार्यक्रम	२९७०००
६९/०८०/२/२९	डाँडा गाउँ बंगुर पालन फर्म	बंगरको खोर सुधार कार्यक्रम	१२५०००
५०/०८०/१/१४	नव सिर्जना गाई तथा भैंसीपालन समुह	गाई तथा भैंसी गोठ सुधार कार्यक्रम	२९७०००
५२/०८०/१/२९	सतलडाँडा गाई तथा भैंसीपालन समुह	गाई तथा भैंसी गोठ सुधार कार्यक्रम	२९७०००
५६/०८०/२/१६	महादेव गाई तथा भैंसीपालन समुह	गाई तथा भैंसी गोठ सुधार कार्यक्रम	२९४०००
५८/०८०/२/२३	त्रिशुले बाखा पालन समुह	बाखाको खोर सुधार कार्यक्रम	१२३७५०
५९/०८०/२/२३	अरूणथान वाखा पालन कृषक समुह	बाखाको खोर सुधार कार्यक्रम	१२३७५०
६६/०८०/२/२८	नमुना बाखापालन समुह	बाखाको खोर सुधार कार्यक्रम	१२५०००
८४/०८०/२/३१	डुम्रे गाई तथा भैंसी पालन	गाई तथा भैंसी गोठ सुधार	२९७०००

	समुह	कार्यक्रम	
८८/०८०/३/८	जय वानेश्वबार बाखापाल समुह	बाखाको खोर सुधार कार्यक्रम	१२१८७५
९६/०८०/३/८	युगल झरना गाई तथा भैंसीपालन समुह	गाई तथा भैंसी गोठ सुधार कार्यक्रम	३०००००

सैद्धान्तिक बेरूजु

२९ **कार्यक्रमको अनुगमन मूल्यांकन नगरी अनुदान उपलब्ध गराएको –** प्रधानमन्त्री कृषि आधुनिकिकरणपरियोजना कार्यान्वयन म्यानुअल को परिच्छेद ४ बुदा ४.१.४ मा पकेट क्षेत्र निर्धारणकोलागी क्षेत्रनिर्धारण गरिएको छ । तथा बुदाँ नं ४.१.१३ मा स्थानिय तहले अनुगमन मूल्यांकन गर्नुपर्ने व्यवस्थारहेको छ । पालिकाले आ.व २०७९/८० मा कार्यान्वयन भएको योजनाको उत्पादन, प्रभावकारीताजस्ता पक्षको मूल्यांकन गरेर उपयुक्त भएमा थप अनुदान उपलब्ध गराउनुपर्ने मा अनुगमन मूल्यांकननगरी कृषक संग सम्झौता भएको छ जसले गर्दा उक्त कार्यक्रम निरन्तर संचालन गर्नु प्रभावकारी छभनी एकिन गर्न सकिएन । अत पालिकाले कार्यक्रम निरन्तरता गर्दा कार्यक्रमको समग्र पक्षको मूल्यांकन गरेर प्रभावकारी भएमा मात्र थप अनुदान उपलब्ध गराउनुपर्दछ ।

सैद्धान्तिक बेरूजु

३० **अनुदान भुक्तानी –**बाखा विकास पकेट कार्यक्रम अर्न्तगत अरूण बाखा पकेट कृषक समुहलाई रू. ६,३७,२६५।००(५० प्रतिशत अनुदान) भुक्तानी भएकोमा देहाय अनुसार भएको पाइयो ।

१. समुहले बोयर क्रस पाठी ४५ वटा खरिद गरेकोमा यिनीहरूको क्रस प्रतिशत कति हो सो खुल्ने प्रतिवेदन पेश छैन ।

२.खरिद गरिएका पाठीहरू स्वस्थको दृष्टिकोणले ठिक भए नभएको स्वास्थ जाँचको कागजात नरहेको ।

३. खरिद गरिएका बाखाको वीमा गरेको पाइएन ।

४. समुहहरूले व्यवसायीक निरन्तरता दिए नदिएको कार्यालयले अनुगमन गरि प्रतिवेदन पेश गरेको छैन।

सैद्धान्तिक बेरूजु

३१ **नपाउने यातायात खर्च –** न.पा. चालु ९-२०८०। ३।१७ भ्रमण खर्च नियमावली २०६४को नियम ७ मा कुनै प्रशासकीय जिल्लाको सदरमुकाम क्षेत्र या रात बिताउनु पर्ने गरी खटिएको स्थानदेखि पन्ध्र किलोमिटर भित्र आफ्नो र आफ्नो परिवारको नाममा स्थायी घरबास भएका पदाधिकारी एवं कर्मचारीले त्यस्तो क्षेत्रमा भ्रमण वा काजमा रहँदा दैनिक भता र होटलमा खर्च पाउने छैन भन्ने उल्लेख छ भने बस वा अन्य सार्वजनिक यातायतको सुविधा प्राप्त हुने ठाउँमा एकै दिन गई फर्कने गरी सरकारी काम काज खटी जाने पदाधिकारी वा कर्मचारीले यस नियमावली बमोजिम भ्रमण खर्च र दैनिक भत्ताको पच्चिस

प्रतिशत खाजा खर्च वापत पाउने उल्लेख छ। कार्यालयले ४ दिने आधारभूत सहकारी लातिम तालिम कार्यालयको सभाहलमा मा संचालन गरेको पाइयो।कार्यालयको सभाहलमा संचालन भएको तालिममा कार्यालयका कर्मचारी तथा पदाधिकारीलाई यतायात भत्ता भुक्तानी गरेको पाइयो ।नियमावलीको प्रावधान तथा औचित्यका दृष्टिले पनि सो रकम भुक्तानी दिन उपयुक्त नदेखिएकोले उत्त रकम असुल हुनुपर्ने रू.

नाम पद	रकम कर कटाई
प्रमुख कृष्ण कुमार तामाङ्ग	२०४०
उपप्रमुख एलिना श्रेष्ठ	२०४०
जम्मा	४०८०

.... (प्रारम्भिक प्रतिवेदन उपर १२ जना कर्मचारी तथा पदाधिकारीहरुको रू. २०४०।०० दरले असुली भएको आधारमा मिति २०८०।१२।२७ को निर्णयबाट रु. २४४८०।- सम्परीक्षण गरिएको ।)

असुल गर्नुपर्ने	४,०८०

३२ **इन्धन खर्चको मापदण्ड –** प्रदेशको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्यिता सम्वन्धि निर्देशिका २०७९ मा सवारी साधनको किसिम इन्धन खर्च र मर्मत खर्चमा एकरूपता ल्याउन निश्चित मापदण्ड वनाइ प्रयोगमा ल्याउनुपर्ने व्यवस्था छ। कार्यालयले यसवर्ष इन्धन खर्चमा कुनै मापदण्ड नै तयार नगरी इन्धनमा रू १८०९३७३ खर्च गरेको छ।पदाधिकारी तथा कर्मचारीलाई मासिक रूपमा दिने इन्धनको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने अभिलेख समेत राखेको पाइएन । इन्धन खर्च लाइ मितव्ययी वनाउन इन्धन खर्चको मापदण्ड वनाउने र इन्धन प्रयोगको व्यवस्थित अभिलेख राख्ने व्यवस्था गर्नु पर्दछ।

सैद्धान्तिक बेरूजु

३३ **मर्मत खर्च –** सार्वजनिक खरिद नियमावली २०६४ नियम १३(५) मा सार्वजनिक निकायले कुने मालसमान मर्मत सम्भारको लागत अनुमान तयार गर्दा त्यस्तो निकायमा त्यससम्वन्धि विशेषज्ञ वा दक्ष कर्मचारी भए त्यस्तो कर्मचारीवाट र त्यस्तो कर्मचारी नभए त्यस्तो काम गर्ने व्यक्ति,फर्म,कम्पनी वा संथावाट लागत अनुमान गराउनु पर्ने व्यवस्था छ। कार्यालयले यस वर्ष मर्मतमा रू. २३,३२,६५४।०० खर्च गरेकोमा नियमावलिमा व्यवस्था भए वमोजिम दक्ष विशेषज्ञ वाट लागत अनुमान तयार नगरी मर्मत आदेश वेगर खर्च गरेको पाइयो ।अतः नियमावलीमा भएको व्यवस्था पालनागरी मर्मत संभार तथा संरक्षण अभिलेख खाता प्रयोगमा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरूजु

३४ **आन्तरिक लेखापरीक्षण प्रतिवेदनबाट देखिएका व्यहोराहरू–**

३४.१ .... *(प्रारम्भिक प्रतिवेदन उपर असुल भई भएको आधारमा मिति २०८०।१२।२७ को निर्णयबाट रु. ५८११।- सम्परीक्षण गरिएको ।)*

असुल गर्नुपर्ने	०

३४.२ यस चैनपुर नगरपालिकाको खराङ्ग स्वास्थ्य चौकीमा खपत भएको विद्युत महशुल बापत बिल बमोजिम रू. ७०५०।०० भुक्तानी गर्नु पर्नेमा रू.१२०५०।०० भुक्तानी गरेको हुँदा बढी भुक्तानी भएको असुल गर्नु पर्ने रकम रू.

असुल गर्नुपर्ने	५,०००

३४.३ यस चैनपुर नगरपालिका वडा नं १० मा रहेकव श्री शारदा मा वि खराङ्ग अधुरो भवनको झ्याल ढोका निर्माण बापतको रकम भुक्तानीको लागि रू.३,१७,३९०।– को विल भर्पाई पेश भएकोमा रू. ३,३४,०७७। -भुक्तानी भएको हुँदा बढी भुक्तानी भएको असुल गर्नुपर्ने रकम रू.

असुल गर्नुपर्ने	१६,६८७

३५ **भ्रमण खर्च –** स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च रू २१३५८५६ भुक्तानी गरेको छ। अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार देखिएको छैन।कार्यालयको काम उल्लेख गरी वडा अध्यक्ष त सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको छ। अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानी गरेको देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरूजु

३६ **जिन्सी –** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरूलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रूपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रूपमा

(PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

· कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरूको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन ।

· यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरूको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

३७ **बैंक लगत कट्टा(सामाजिक सुरक्षा) –** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ दफा २६(३) मा एक आर्थिक बर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसुची ११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानबिन गरी कुनै लाभग्राहीको मुत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी सँघीय सँचित कोषमा दाखिला गर्नुपर्ने छ भनी उल्लेख गरेको छ ।सम्बन्धित बैंकबाट एक आर्थिक बर्षमा एक पटक पनि रकम नझिकेका लाभग्राहीहरूको विवरण माग गर्दा बैंकले उपलब्ध गराएको बिवरण अनुसार राष्ट्रिय बाणिज्य बैंकको मिति २०८०।६।१० को पत्रानुसार २८ जना व्यक्तिको रू.१३७३८४१।००, कृषि बिकास बैंकको मिति २०८०।६।१० कै पत्रानुसार २३ जनाको रू.८०२८६२।०० र ग्लोबल आई.एम.इ बैंकको मिति २०८०।६।११ को पत्रानुसार २२ जनाको रू.४१८४१३।५३ गरी ७३ जनाको जम्मा रू.२५९५११६।५३ रहेको देखिन्छ ।सो लाभग्राहीहरूको सम्बन्धमा पालिकाले सुक्ष्म तरिकाले छानबिन गरी बढी भएको रकम सघिँय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

३८ **हिसाब भिडान(सामाजिक सुरक्षा) –** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई.एस लगतका आधारमा सामाजिक सुरक्षा भत्ता रकम निकासा पाउने र परिच्छेद ५ को बुँदा नं २१ मा भत्ता रकम बैंक मार्फत वितरण गर्नुपर्ने सम्बन्धमा व्यवस्था छ। सोही कार्यविधिको अनुसुची १० को शर्त नं ६ र ७ मा बैंकले तोकिएको ढाँचामा लाभग्राहीको खातामा भत्ता वितरण गरेको विवरण खुल्ने रिभर्स फिड पालिकालाई उपलब्ध गराउनुपर्ने समेत व्यवस्था रहेकोमा यस पालिकाले अद्यावधिक रिभर्स फिड माग गरि आएको तर निकासा भिडान गरी हिसाब फरफारक गर्ने गरेको देखिएन । यस सम्बन्धमा पालिकाले अद्यावधिक विवरण माग गरी हिसाब फरफारक गर्नु पर्दछ ।

सैद्धान्तिक बेरूजु

३९ **सामाजिक सुरक्षा –**

परदर्शिता र जवाफदेहिताः सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ३२ अनुसार स्थानीय तहहरूको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैङ्क र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरूको सहयोग लिएर अनिवार्य रूपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धी सूचना स्थानीय एफ.एम. लगायतका संचार माध्यमहरूवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरूको नाम नामेसी स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने साथै, सम्बन्धित स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो समेत नगरी यस कार्यालयले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन। यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि यकिन हुने अवस्था देखिएन।

सार्वजनिक सुनुवाईः स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरूको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ। सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरू मध्ये आफूले सक्ने कुराहरू सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरू सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ।

अनुगमनः सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को परिच्छेद ६ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मूल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन।

सैद्धान्तिक बेरूजु

४० **सुचना प्रकाशन –** पालिकाले विभिन्न मिडियाहरूमा सूचनाप्रकाशन तथा प्रसारण वापत रू. २४,२१,३८५।०० खर्च गरेको छ। आर्थिक वर्षको सुरूआतमा नै दररेट माग गरी प्रतिस्पर्धा गराउनु पर्ने व्यवस्था गर्नुपर्दछ । नगपालिकाले विभिन्न सूचना तथा विज्ञापन प्रकाशन सम्बन्धी कार्यविभिन्न फर्महरू मार्फतभुक्तानी गरेकोमा मिडिया फर्महरू बीचकुनै प्रकारको प्रतिस्पर्धाको व्यवस्था गरेको देखिएन ।सूचना प्रकाशन गर्दा मिडियाहरूबीच पतिस्पर्धा गराई न्यून कवोल गर्नेमिडिया फर्मसँग सेवा लिनुपर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरूजु

४१ **विपत व्यवस्थापन कार्यक्रम –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा कुनै पनि खरिद कार्यको लागत अनुमान तयार गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६९ मा परामर्श सेवा खरिद गर्दा कार्यक्षेत्रगत शर्त तयार गरी सो बमोजिम प्रस्ताव माँग गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले विपत व्यवस्थापन सम्बन्धी कार्यक्रम अधिकारका लागि सहकार्य समिति मार्फत संचालन गरी रू.२७५२६८ भुक्तानी दिएकोमा कार्यक्षेत्रगत शर्त तयार नगरी कार्यालयको जनशक्तिबाट उत्त कार्यक्रमन गर्न सक्ने/ नसक्ने यकिन गरेको समेत देखिएन । सेवा प्रदायको छनौट सम्बन्धि कार्य क्षेत्रगत शर्त तयार नगरी न्यून आर्थिक प्रस्ताव पेश गरेको आधारमा संस्था छनौट र सम्झौता गरी भुक्तानी दिएकोले नियमित नदेखिएको रू.

अनियमित भएको	२,७५,२६८

४२ **बढी भुक्तानी –** उद्यम विकास कार्यक्रम अर्न्तगत चैनपुर नगरपालिका ५ मा ९० दिने सिलाइ कटाइ तालिम संचालन बापत उ.वि.स.नेबी बुढालाई रू. ३४८५००।०० सोधभर्ना भुक्तानी भएकोमा देहाय अनुसार पाइयो ।

१- प्रशिक्षक युवराज वर्देवा लाई प्रशिक्षक भत्ता रू. ८१०००।०० र मेशिन भाडा वापत रू.२२५००।०० समेत रू. १०३०००।०० दिने गरी संझौता भएकोमा रू. १४४००।०० कर कट्टी गरी रू.८८६००।०० भुक्तानी गर्नु पर्नेमा रू.९५२२०।०० भुक्तानी गरेकोले बढी भुक्तानी असुल हुनुपर्ने रू. ६६२०।००

२- गाँउ तथा नगर सभाका सदस्यहरूले पाउने सुविधा सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन २०७५मा पदाधिकारीहरूलाई अनुगमनको भत्ताको व्यवस्था भए अनुसार अध्यक्ष तथा उपाध्यक्षलाई महिना बाइज रकम भुक्तानी भएको अवस्थामा सिलाइ कटाइ तालिम कार्यक्रमको अनुगमन गरे वापत रकम भुक्तानी गरेको पाइएकोले उक्त रकम असुल हुनुपर्ने रू.

नाम पद	रकम
अध्यक्ष कृष्ण कुमार तामाङ्ग	२५५०
उपाध्यक्ष एलिना श्रेष्ठ	२५५०
असुल गर्नुपर्ने	११,७२०

४३ **अनुत्पादक वितरणमुखी खर्च –** स्थानीय तहले पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरूत्साहित गर्दै अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवं उपयोगिता सृजना हुने गरी योजना तथा कार्यक्रम छनौट गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकालेपूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्नेकिसिमका वितरणमुखी कार्यक्रमहरू जस्तै भलिबल प्रतियोगिता, ब्याडमिन्टन प्रतियोगित, विभिन्न खेलकुद विकास कार्यक्रम सञ्चालन तथा विभिन्न वडा उद्घाटन खर्च लगायत कार्यक्रम सञ्चालन गरी रू.१७८०९३५ खर्च गरेको छ।पालिकाले यस्तो प्रकारको खर्चलाई नियन्त्रण तथा निरूत्साहित गर्नुपर्दछ । साथै वर्षेनी पालिकाले

विभिन्न सामग्रीहरू वितरण गरेको अवस्थामा पालिकाले यस प्रकृतिका कार्यक्रम सञ्चालन गर्दा क्लब, संस्था, महासंघ लगायतका संस्थाहरूलाई विभिन्न कार्यक्रम अन्तर्गत सामग्री अनुदान दिँदा लगत राखी दोहरो भए नभएको एकिन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

४४ **सीप विकास तथा रोजगारी मुलक तालिम –** हरेक बर्ष लक्षित वर्गको लागि सीपमूलक तथा रोजगारीमूलक तालिमहरू संचालन हुने गरेकोमा हाल सम्म के कति जनाले कुन प्रकारका तालिम लिए, तालिमको उदेश्य अनुसार स्वरोजगार वा रोजगारी श्रृजना भएका छन कि छैनन, तालिम लिएका लाभग्राहीको सीप तथा क्षमता विकास भएर जीवन स्तरमा सुधार भै समुदायमा सकारात्मक परिवर्तन भएको छ की छैन भनी नगरपालिकाले अनुगमन गरी तालिममा भएको लागत खर्च र उपलब्धीको विश्लेषण गरी तालिम लिइ सकेका र लिनु पर्ने लक्षित बर्गको कुनै अभिलेख राखेको देखिएन । नगरपालिकाले श्रोत र साधन तथा लक्षित वर्गको लागि आवश्यकता भएको तालिमको पहिचान गरी तालिम कार्यक्रम राखेको देखिएन । नगरपालिकाले गत विगत बर्ष देखि एकै प्रकारका तालिमहरू एकै प्रकारका तालिम दाताहरूवाट संचालन गरी रहेकाले तालिमका सहभागिहरू एकै प्रकारको तालिममा दोहोरिएका वा एकै व्यक्तिले धेरै प्रकारका तालिममा सहभागीता जनाएका छन प्रष्ट हुने अभिलेख नदेखिएकोले कार्यक्रमवाट अपेक्षा अनुरूप प्रतिफल प्राप्त हुने विश्वस्त आधार देखिएन।

सैद्धान्तिक बेरूजु

४५ **नर्म्स विपरीत खर्च –** कोशी प्रदेश सार्वजनिक खर्चको मापदण्ड र मितव्यिता सम्बन्धि निर्देशिका २०७९ को बुदा ६ को ४ मा तालिम केन्द्र/प्रतिष्ठान बाहेक अन्य निकायबाट सञ्चालित सवै प्रकारका तालिममा कार्यालयका कर्मचारी स्रोतव्यक्ति/प्रशिक्षक अधिकृत स्तरको तालिम भएमा कार्यपत्र वापतको रू १२००.० मात्र पाउने र अन्य निकायका स्रोतव्यक्ति भएमा कार्यपत्र वापत रू.१२००।०० र कक्षा लिएवापत रू.८००।०० भुक्तानी गर्न सकिने नर्म्समा उल्लेख भएको भन्दा देहाय बमोजिम बढि भुक्तानी भएकोले असुल गर्नुपर्ने रू.

विवरण	नाम पद	नर्म्स अनुसार पाउने रकम	भुक्तानी रकम	बढि भुक्तानी कर कटाई	कैफियत
लेखापालन तालिम	हिमाल प्र गौतम	रू१२०० दरले ५ कक्षाको ६०००	१५०००	६७५०	
लेखापालन तालिम	राजिव श्रेष्ठ	रू१२०० दरले ५ कक्षाको ६०००	१००००	२५००	
लेखापालन तालिम	हिमाल प्रसाद गौतम	रू ४०० का दरले ४ दिनको १६००	४०००	१८००	बुदाँ ६ को ७ नम्वर अनुसार

					तालिम संयोजक भत्ता दिनको ४०० मात्र पाउने
				जम्मा	११०५०	

.... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई भएको आधारमा मिति २०८०।१२।२७ को निर्णयबाट रु. ६७५०।- सम्परीक्षण गरिएको ।)

असुल गर्नुपर्ने	११,०५०

४६ **नर्म्स विपरीत खर्च –** कोशी प्रदेश सार्वजनिक खर्चको मापदण्ड र मितव्यिता सम्बन्धि निर्देशिका २०७९ को बुदाँ ६ को ७ नम्वर अनुसार तालिम संयोजक १जना मात्र राख्न पाउने व्यवस्था छ ।कार्यालये २ जनालाई रू ५००० का दरले नर्म्मा उल्लेख भए भन्दा बढीलाई संयोजक भत्ता भुक्तानी गरेको पाइएकोले निर्देशिका विपरित भुक्तानी भएको रकम अनियमित देखिएको रू.

अनियमित भएको	५,०००

४७ **नपाउने यातायत खर्च –**

.... (प्रारम्भिक प्रतिवेदन उपर १९ जना कर्मचारी तथा पदाधिकारीहरुको रू. ५००।०० दरले असुली भएको आधारमा मिति २०८०।१२।२७ को निर्णयबाट रु. ९५००।- सम्परीक्षण गरिएको ।)

असुल गर्नुपर्ने	०

४८ **नपाउने दैनिक भ्रमण भत्ता –**

.... (प्रारम्भिक प्रतिवेदन उपर ७ जना कर्मचारी तथा पदाधिकारीहरुको नपाउने दैनिक भ्रमण भत्ता असुली भएको आधारमा मिति २०८०।१२।२७ को निर्णयबाट रु. ६७४०५।- सम्परीक्षण गरिएको ।)

असुल गर्नुपर्ने	०

४९ **क्याम्पस अनुदान –** नेपालको संविधानको अनुसूची ६ मा उच्च शिक्षा सम्बन्धि अधिकार प्रदेश सरकारको हुने उल्लेख छ । साथै स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११(ज) मा आधारभुत तथा माध्यमिक शिक्षा स्थानीय तहको अधिकार हुने उल्लेख छ । पालिकाले यस वर्ष संखुवासभा बहुमुखी क्याम्पस अनुदान कार्यक्रममा रू.२०,००,००० बजेट विनियोजन गरि निकासा भुक्तानी दिएको देखियो । उच्च शिक्षा सञ्चालन गर्ने संस्थालाई दिने अनुदान व्यवस्थित गर्न पालिकाले कानुन निर्माण गरेको देखिएन साथै उक्त अनुदान उपयोग गर्ने सम्बन्धमा सम्बन्धित क्याम्पससँग कुनै प्रकारको समझौता समेत गरेको देखिएन । अनुदान उपयोग सम्बन्धि कानुनी व्यवस्थाका साथै क्याम्पससँग सम्झौता नगरेको अवस्थामा अनुदान उपयोगको लेखाजोखा तथा अनुगमन समेत गर्न नसकिने भएकोले संवैधानिक अधिकार क्षेत्र, संघीय तथा प्रदेश कानुन र स्थानीय सरकार ऐन समेतका आधारमा कानुनी व्यवस्था गरेर अनुदान दिनुपर्नेमा सो गरेको नदेखिएकोले नियमित गर्नुपर्ने रू.

अनियमित भएको	२०,००,०००

५० **बिद्यालयहरूको लेखापरीक्षण –** बिद्यालयहरूको लेखापरीक्षणः नगरपालिका मातहतका विद्यालयले तोकिएको समयमा लेखापरीक्षण गर्नु गराउनु पर्ने व्यबस्था छ । नगरपालिका अन्तर्गत ५८ सामुदायिक विद्यालयहरू रहेकोमा आ.व. २०७९।८० को अन्तिम लेखापरीक्षण अवधिसम्म ५८ बिद्यालयले लेखापरीक्षण गराएको पाइएन। अतःकार्यालयबाट अनुदान जाने सम्पूर्ण बिद्यालयहरूको समयमै लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी नगरपालिकाले दिएको निकाशा र अनुदान समेत समावेश गरी विद्यालयले वित्तीय विवरण तयार गरे नगरेको एकिन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

५१ **कोटेशन नलिएको –** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(४) मा एक लाख भन्दा बढीको मालसामान खरिद गर्दा ३ वटाको दरभाउ पत्र लिएर खरिद गर्नु पर्ने व्यवस्था छ ।कार्यालयले कक्षा ८ को परिक्षा संचालन बापत उत्तर पुस्तिका छपाई वापत शाक्य अफसेट प्रेषलाई रू १२६६१६ भुक्तानी भएकोमा सो खरिद कार्य गर्दा कोटेशन लिएको नपाइएको उत्त खर्च अनियमित देखिएको रू.

अनियमित भएको	१,२६,६१६

५२ **शिर्षक फरक पारी खर्च –** कार्यक्रम कार्यान्वयन निर्देशिका २०७९।८० अनुसार तोकीएको खर्च शिर्षकबाट खर्च लेख्नु पर्दछ।कार्यालयले दिवा खाजा कार्यक्रको रकम सेनिटरी प्याड खरिद शिर्षकबाट भुक्तानी गरेको पाइएकोले अनियमित देखिएको रू.

अनियमित भएको	३,५८,२०२

५३ **निकासा अभिलेख खाता –** निकासा अभिलेख खाताः नगरपालिकाले शिक्षकहरूको तलव भत्ता निकासा गर्नु पूर्व दरवन्दी अनुसार कार्यरत शिक्षकहरू यकिन गरी तलव भत्ता निकासा गर्नुपर्ने त्यस्तै माग फाराम

सोही आधारमा रूजू गरी विद्यालयगत निकासा लेजर तयार गरी निकासा छोड्नुपर्नेमा निकासा लेजर राखेको छैन ।नगरपालिकाले दरवन्दी विवरण, कार्यरत शिक्षक विवरण, सो अनुरूपको माग फाराम तथा निकासा लेजर खडा गरी व्यवस्थित रूपमा राख्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

५४ **रिभर्स फिड प्रमाण (सामाजिक सुरक्षा) –** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २४(६) मा बैंकले लाभग्राहीको खातामा रकम जम्मा गरिसकेपछि भत्ता वितरणको विवरण अनुसुची ८ बमोजिम बैंकबाट रिभर्स फिड प्राप्त गर्नुपर्ने छ ।पालिकाले वडा नं.६, ७ र ८ को सामाजिक सुरक्षा भत्ता कृषि बिकास बैंकको शाखा कार्यालय, चैनपुरबाट बितरण गर्दछ । ६, ७ र ८ वडाहरूका लाभग्राहीहरूलाई बैंक मार्फत रू. ३४८८९१५२।०० निकासा गरी वितरण गरेको रिभर्स फिड माग गर्दा बैंकले नदिएको जनाएको छ । लेखापरीक्षण क्रममा पटक पटक रिभर्स फिड तथा अन्य विवरण माग गर्दा समेत दिन नचाहेको कारण रिभर्स फिड परीक्षण गर्न सकिएन ।अतः रिभर्स फिड परीक्षण नगरेको कारण उक्त खर्च एकिन गर्न नसकेको हुदाँ उक्त रिभर्स फिड सहितको प्रमाण पेश गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	३,४८,८९,१५२

५५ **अनुमानित बजेटको तुलनामा बढी निकासा (सामाजिक सुरक्षा) –** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ५ मा नविकरणको विवरण अद्यावधिक गर्ने र दफा ७ मा लाभग्राहीको विवरणको आधारमा बिभागले अनुसूची ४ बमोजिम अनुमानित बजेट र सँख्यात्मक विवरणको आधारमा प्रत्येक स्थानीय तहलाई बजेट व्यबस्था गर्ने उल्लेख छ । पालिकाको **दोस्रो त्रैमासिक** लाभग्राहीहरूको संख्यात्मक विवरण र अनुमानित बजेटलाई परीक्षण गर्दा दोस्रो त्रैमासिकमा ३०३३ जना विभिन्न प्रकारका लाभग्राहीहरूलाई सामाजिक सुरक्षा भत्ता वितरण गर्न बैंकलाई रू. ३,००,०७,२८०।०० निकासा दिनुपर्ने देखिएकोमा पालिकाले रू. ३,१३,१४,९८८।०० दिएको देखियो । यसरी अनुमानित भन्दा रू. १३,०७,७०८।०० बढी निकासा दिएको सम्बन्धमा पालिकाले यकिन गर्नुपर्ने ।

सैद्धान्तिक बेरूजु

५६ **अभिलेख व्यबस्थापन (सामाजिक सुरक्षा) –**

एम.आई.एस. विवरणःसामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा प्रत्येक स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम आई एस लगतका आधारमा भत्ता रकम निकासा पाउने सम्बन्धमा व्यवस्था छ । गाँउपालिकाबाट प्राप्त एम.आई.एसमूल अभिलेखको परिक्षण गर्दा लाभग्राहीहरूको विवरण पूर्ण रूपमा भरेको देखिएन । नमुना छनौट गरी परिक्षण गरिएकोमा केही लाभग्राहीको नागरिकता प्रमाण पत्र नं नभएको, ना प्र.प्र.नं दोहोरिएको वा सो भन्दा बढी रहेको, लाभग्राहीको बाबु, आमा, बाजेको नाम उल्लेख नगरेको, नाम दोहोरो रहेको समेत देखिएकोले मृत्यु भै सकेका सबै लाभग्राहीहरूको लगत कट्टा भए नभएको एकिन गर्न सकिएन । एम आई एस विवरण अद्यावधिक नहुँदा एकै नामथर भएको व्यक्तिलाई दोहोरो भत्ता जान सक्ने, मृत्यु भै सकेकालाई भत्ता

भुक्तानी हुन सक्ने जोखिम रहेको हुँदा पालिकाले एम आई एस लगत अद्यावधिक गरेरमात्र भत्ता वितरण सम्बन्धी कार्य गर्नुपर्दछ ।

प्रतिवेदन:सामाजिक सुरक्षा नियमावली,२०७६ को नियम २३ मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको त्रैमासिक तथा वार्षिक प्रतिवेदन नियमको अनुसुची ६ को ढाँचामा तयार गरि उपनियम २ मा तोकिएको समायवधि भित्र विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धि विषय हेर्ने निकायमा पठाउनु पर्ने मा सो अनुसार पठाउने गरेको देखिएन ।

सैद्धान्तिक बेरूजु

५७ **मृत्यु भएकालाई भत्ता (सामाजिक सुरक्षा) –**

.... ***(प्रारम्भिक प्रतिवेदन उपर १३ जना व्यक्तिहरुको रु.१,०२,७९८।०० असूल भई पेश भएको आधारमा मिति २०७८०।१२।२७ को निर्णयबाट रु. १,०२,७९८।०० सम्परीक्षण गरिएको ।)***

असुल गर्नुपर्ने	०

५८ **निस्कृय खाता (सामाजिक सुरक्षा) –** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसार सामाजिक सुरक्षा विशेष बचत खाता संचालन गर्ने बैंक तथा वित्तीय संस्थाले निस्कृय खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र सम्बन्धित स्थानीय तहलाई दिनुपर्ने ब्यवस्था छ । पालिकाले यस आ.व.मा राष्ट्रिय वाणिज्य बैंक, कृषि बिकास बैंक र ग्लोबल आई.एम.ई शाखा कार्यालय चैनपुर बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा लेखापरीक्षणको क्रममा निस्कृय खाताको विवरण माग गर्दा बैंकबाट प्राप्त नभएको भनी पालिकाबाट प्राप्त भएन । यसर्थ बैंकमा रहेको खातामध्ये निस्कृय खातामा के कति रकम रहेको छ सो सम्बन्धमा स्पष्ट हुन सकिएन । कार्यविधिमा उल्लेखित व्यवस्था र पालिका र बैंकबीच भएको सम्झौताका सर्तहरूको पूर्ण पालना गर्ने र लागू गर्नेतर्फ पालिकाको ध्यान जानु जरूरी देखिन्छ साथै निस्कृय खाता यकिन गरी सो खातामा रहेको रकम संघीय सञ्चित कोषमा दाखिला हुनुपर्दछ ।

सैद्धान्तिक बेरूजु

५९ **दोहोरो परेका लाभग्राही (सामाजिक सुरक्षा) –** कार्यविधि अनुसार प्रत्येक स्थानीय तह वडा कार्यालयहरूले प्रविष्ट गरेको एम आई एस लगतको आधारमा सम्बन्धित वडाका लाभग्राहीहरूको बैंक खातामा रकम जम्मा हुने गरी त्रैमासिक रूपमा रकम निकासा गर्नुपर्दछ । एम आई एस लगत रिभर्स फिड परीक्षण गर्दा तपसिलको लाभग्राहीहरूको नाम र नागरिकता नं. एकै भएको अवस्थामा समेत रकम वितरण गरेको पाइएकोले वास्तविक लाभग्राही पहिचान गरी भत्ता पाउने लाभग्राही भए सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा दोहोरो हुनेगरी बैक खातामा जम्मा भएको रकम असुल गर्नुपर्ने रू.

.... ***(प्रारम्भिक प्रतिवेदन उपर १ जना व्यक्तिहरुको असूल भई पेश भएको आधारमा मिति २०७८०।१२।२७ को निर्णयबाट रु. ७९८०।०० संम्परीक्षण गरिएको ।)***

असुल गर्नुपर्ने	३६,०००

(विस्तृत विवरण बेरूजु दफा ५९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

६० **नागरिकता नम्बर एकै भएका लाभग्राही (सामाजिक सुरक्षा) –** नेपाल सरकारले जारी गर्ने नागरिकता परिचयपत्र नं. प्रत्येक व्यक्तिको फरक फरक हुने गरी जारी गर्दछ ।यस पालिका अन्तर्गतका ११ वटा वडाको **प्रथम त्रैमासिकको** नमुना परीक्षणको रूपमा सामाजिक सुरक्षा पाउने लाभग्राहीहरूको विवरण परीक्षण गर्दा निम्न व्यक्तिहरूको नागरिकता परिचयपत्र नं. दोहोरो परेको देखिन्छ ।यस पालिका अन्तर्गतका वडा कार्यालयहरूले प्रत्येक त्रैमासिकको सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरूको विवरण परीक्षण गरी एकिन गर्ने र लगत कट्टा गर्नुपर्ने भए गरी यात् दोहोरो परेको भए सम्बन्धितबाट असुल गरी एम आइ एस प्रणालीमा अध्यावधिक गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरूजु

(विस्तृत विवरण बेरूजु दफा ६० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

६१ **दोहोरो सुविधा अभिलेख (सामाजिक सुरक्षा) –** सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १५ अनुसार कुनै सरकारी वा सार्वजनिक पदमा नियुक्ति, निर्वाचित, मनोनित भएको व्यक्ति, सरकारी कोषबाट निवृत्तिभरण पाइरहेको व्यक्ति र अन्य कुनै प्रकारले नियमित रूपले पारिश्रमिक, अवकाश सुविधा एंव अन्य सुविधा पाइरहेको व्यक्तिले सामाजिक सुरक्षा पाउने छैन ।यस पालिका अन्तर्गतका वडा कार्यालयहरूमा यस किसिमको अभिलेख राखेको पाइएन ।सो कारण सामाजिक सुरक्षा नपाउने व्यक्तिहरूको भिडान गर्न सकिएको छैन ।आगामी दिनमा वडा कार्यायलयहरूले अभिलेख राख्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरूजु

६२ **सामाजिक सुरक्षा वितरण र बाँकी –**

६२.१ सामाजिक सुरक्षा ऐन,२०७५ अनुसार सामाजिक सुरक्षा भत्ता पाउन योग्य भएका नेपाली नागरिकलाई सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने व्यवस्था रहेको छ ।यस पालिका अन्तर्गतका ११ वडाहरूको लागि रू. **११,९७,७७,३०८।००** सामाजिक सुरक्षा भत्ता निकासा गरेको छ ।

बैंक	निकासा रकम	वडा	फिर्ता रकम
राष्ट्रिय बाणिज्य बैंक	४८२८१९९५।००	१, २, ३, ४ र ५	३१२३३९।००
कृषि बिकास बैंक	३४८८९१५२।००	६, ७ र ८	११०३८४।००
ग्लोबल आ.ई.एम.ई बैंक	३६६०६१६१।००	९, १० र ११	११४६३९।००
कुल जम्मा	**११९७७३०८।००**		**५३७३६२।००(यस**

			आ.ब.को फिर्ता रू.३६१९९८।७७)

सैद्धान्तिक बेरूजु

६२.२ *.......... (प्रारम्भिक प्रतिवेदन उपर सामाजिक सुरक्षा वापतको रकम संघीय कोषपमा फिर्ता भई पेश भएको आधारमा मिति २०७८०।१२।२७ को निर्णयबाट रु. ७८६७।०० संम्परीक्षण गरिएको ।)*

प्रमाण पेश नगरेको	०

६३ **उपभोक्ता समितिलाई ओभरहेड –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) वमोजिम उपभोक्ता समितिलाई भुक्तानी गर्दा मूल्य अभि वृद्धिकर, ओभरहेड, कन्टेन्जेन्सी तथा जनसहभागिता रकम घटाई बाँकी रकम भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले तपशिल वमोजिमको उपभोक्ता समितिले गरेको निर्माण कार्यमा १५ प्रतिशत ओभरहेड जोडेर लागत अनुमान वनाई भुक्तानी दिएको देखिएकोले उक्त रकम असुल गर्नुपर्ने रू.

गोभौनं./मिति	उपभोक्ता समिति र काम	लागत अनुमान ओभरहेड समेत	सम्झौता रकम ओभरहेड समेत	भुक्तानी रकम	भुक्तानी मध्ये ओभरहेड रकम
४०९।०८०।३।१३	झुत्रे खोला माथिल्लो तल्लो बाटोमा ट्रष्ट पुल निर्माण उ.स.	४४८२१३।००	४४८२१३।००	३९८७४९।००	२९३४७।००
				जम्मा	२९३४७।००

असुल गर्नुपर्ने	२९,३४७

६४ **जटिल सँरचना निर्माण –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरूलाई मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी., फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरू मार्फत गराउने गरेको देखियो। यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ। यसका केही उदाहरणहरू यस प्रकार रहेका छन्ः

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम
४४२।०८०।३।२०	दुम्सीमारा खानेपानी ट्याँकी निर्माण उ.स.	खानेपानी ट्याँकी निर्माण	६४९३६८।००
४२२।०८०।३।१६	केलाङ्ग समुह निर्माण उ.स.	आर.सि.सी. भवन निर्माण	४०००००।००
४४६।०८०।३।२१	पिलुवा खोला बन्चरे ग्रामीण सौर्य उर्जाको खानेपानी	सौर्य उर्जाको खानेपानी निर्माण	३७३८४५१।००
		जम्मा	४७८७८१९।००

सैद्धान्तिक बेरूजु

६५ **हेभी इक्विमेन्टको प्रयोग –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएता पनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरू यस प्रकार रहेका छनः

सैद्धान्तिक बेरूजु

(विस्तृत विवरण बेरूजु दफा ६५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

६६ **अधुरा आयोजना –** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरूको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरू र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नुपर्ने कदमहरू र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहाय अनुसार रू. १४,७६,५०,२२१।०० का ३ योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ ।यस प्रकारको दायित्व विगत वर्षहरूको समेत सार्दै आएको छ।सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहेका छन् । यस सम्बन्धमा पालिकाले जिम्मेवारी पूर्वक कार्यसम्पादन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

(विस्तृत विवरण बेरूजु दफा ६६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

६७ **घटी मुल्य अभिबृद्धि कर बिजक –** मुल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ७ मा मु.अ.करको दर र नियमावली, २०५३ को नियम १७ मा कर बिजक सम्बन्धि व्यबस्था गरेको छ ।आर.आर. एन खानेपानी मर्मत कार्यको लागि उपभोक्ता समितिले डोमा कन्स्ट्रक्सन एण्ड सप्लायर्स, पाँचखपन(मु.अ.कर दर्ता नं.६०९८३१७०२) बाट पाइप खरिद गरी रू.२,२९,७७४।२० भुक्तानी गरेको बिल पेश गरेको छ ।सो कर बिजकमा मु.अ.कर बाहेक रू.२०३३४०।०० र सोको मु.अ.कर रू.२,६४३।२० गरी जम्मा रू.२,२९,७७४।२०० बिजक जारी गरेको छ । रू.२,०३,३४०।०० को मु.अ.कर रू.२६,४३४।२० हुनुपर्नेमा रू.२,६४३।२० मात्र मु.अ.कर कट्टी गरेको कर बिजक हुँदा पनि रू.२,२९,७७४।०० भुक्तानी दिएको छ ।कट्टी गर्नुपर्ने मु.अ.कर भन्दा कम कट्टी गरेको मु.अ.कर को फरक रू.२३,७९१।०० समेत भुक्तानी भएको हुँदा उक्त रकम असुल गरी सँघिय सँचित कोषमा दाखिला गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	२३,७९१

६८ **उपभोक्ता समितिको काममा बढी भुक्तानी –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा रनिङ विलको आधारमा रकम भुक्तानी गर्नुपर्ने उल्लेख छ भने नियम ९७ मा उपभोक्ता समितिले खर्चका विल भर्पाइ पेश गर्नुपर्ने उल्लेख छ । कार्यालयले उपभोक्ता समिति मार्फत गरिने निम्न कामको लागि दर विश्लेषण गर्दा **सिमेन्ट आइटम** नम्स अनुसार राखेको र सोको दर जिल्ला दररेट अनुसार(मुअकर बाहेक) राखी लागत अनुमान तयार गरेको छ ।सो काम सम्पन्न भए पश्चात प्राविधिकले नाप जाँच गरी मुल्याँकन बिल अनुसार भुक्तानी दिएको देखिन्छ ।तर उपभोक्ता समितिले पेश गरेको बिल बिजकमा सिमेन्टको परिमाण कम रहेको अवस्थामा पनि प्राविधिकले मुल्याँकन बिलमा बढी परिमाण जनाई बढि खर्च लेखेको छ ।अतः वढी परिमाण लाग्ने गरी विश्लेषण गरी भुक्तानी गर्ने तर कम परिमाणको विजक पेश गर्नेको फरक रकम (नमुना छनोटको रूपमा हेरीएका केही योजना) असुल गर्नुपर्ने देखिएको रू.
यसरी उपभोक्ता समितिले पेश गरेको बिल बिजकमा कम परिमाण हुने र प्राविधिको मुल्याँकन बिलमा बढी परिमाण भुक्तानी हुने फरक रकम मात्र नभई उक्त योजनाको काम गुणस्तरयुक्त भयो भएन भन्ने बिषयमा पनि आश्वश्ता हुन सकिएन ।

असुल गर्नुपर्ने	३,१०,४६४

(विस्तृत विवरण बेरूजु दफा ६८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

६९ **मुल्य अभिबृद्धि कर सम्बन्धमा –** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ग वमोजिम सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघसंस्थाले ठेक्का वा करारअन्तर्गतआपूर्ति हुने वस्तु वा सेवा आपूर्ति वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने मु.अ. कर रकमको३०प्रतिशतले हुन आउने रकम निजको नामबाट

सम्बन्धित राजस्व शिर्षकमा जम्मा गरी बाँकी रहने कर वापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ।पालिकाले उपभोक्ता समिति मार्फत काम गराउने भनी लागत अनुमान तयार गरी सो अनुसार कार्यसम्पन्न भई उपभोक्ता समितलाई भुक्तानी दिएको छ ।तर उपभोक्ता समितिले उक्त निर्माण\खरिद कार्य फर्म मार्फत गराई मु.अ. कर सहित भुक्तानी दिएको बिल पेश भएको देखिन्छ।सो फर्मलाई मुल्य अभिवृद्धि करको शत प्रतिशत भुक्तानी हुने र सो मु.अ. कर आन्तरिक राजस्व कार्यालयको सिस्टममा नआउन सक्ने हुँदा यस्तो कार्यमा नीतिग सुधार हुनुपर्दछ ।केही उदाहरणहरुः-

सैद्धान्तिक बेरूजु

(विस्तृत विवरण बेरूजु दफा ६९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

७० **ढुवानी कर –** आयकर ऐन २०५८ को दफा ८८(८) मा ढुवानी सेवा बापतको तथा ढुवानी साधन भाडामा दिए वापत भुक्तानी रकममा दुई दशमलव पाँच प्रतिशतले दरले ढुवानी कर कट्टी गर्नुपर्ने व्यबस्था रहेको छ ।हदीबारी मगर गाँउ सडक स्तरबृद्धि कार्यका लागि लामा ढुवानी सेवा चैनपुरलाई ढुवानी रकम रू.३,२४,५००।०० भुक्तानी गर्दा ढुवानी कर रू.८,११२।०० कट्टी गर्नुपर्नेमा रू.१,०००।०० मात्र कट्टी गरेको छ ।नपुग ढुवानी कर रू.७,११२।०० सम्बन्धितबाट असुल गरी राजस्व दाखिला गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	७,११२

७१ **कार्यालयको काम उपभोक्ता समिति मार्फत –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समिति मार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। कार्यालयले आफै निर्माण गर्नुपर्ने आफ्नै भवन निर्माण तथा मर्मतको काम उपभोक्ता समिति मार्फत गराइ देहाय अनुसार खर्च गरेको छ। उपभोक्ता समिति मार्फत कार्य गराउदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण गर्न नहुने र प्रतिस्पर्धावाट कार्यालयले गराउनुपर्ने कार्यहरू समेत उपभोक्ता समिति मार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी लाभग्राही समुदाय मार्फत आफ्नै भवन निर्माण कार्य गराउनु अनियमित देखिएको रू.

अनियमित भएको	५,९८,९६८

(विस्तृत विवरण बेरूजु दफा ७१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

७२ **पुँजीगतबाट चालु प्रकृतिको खर्च –** एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या,२०७४ अनुसार चालु प्रकृतिका खर्च चालु खर्च शिर्षकवाट र पुँजीगत खर्च पुजीगत खर्च संकेतवाट खर्च लेख्नुपर्नेमा चालु प्रकृतिको खर्च पुँजीगत वजेटमा समावेश गरी वजेट खर्च लेख्नु नियम सम्मत देखिएन ।यस पालिकाले तपशिल बमोजिमका चालु प्रकृतिका कार्यक्रम पूँजिगत बजेटमा समावेश गरी खर्च लेखेको छ। यसरी चालु प्रकृतिको खर्च पूँजिगत शिर्षक बाट गर्नु वित्तिय अनुशासनको उल्लङ्घन हो। यसमा कार्यालयले

सुधार गर्नुपर्दछ। केही उदाहरण देहायअनुसार छन :

भौ न	कामको विवरण	रकम
४२७।२०८०।३।१७	सिट कबर, परफियुम मिक्स आदी	१५६४४८।००

सैद्धान्तिक बेरूजु

७३ **पाइप खरिद –** खरिद गरेको कार्यको पुर्ण उपयोग हुनुपर्दछ । पालिकाले निम्न समयमा निम्न पाइपहरू खरिद गरी भुक्तानी समेत गरेको देखिन्छ तर सो पाइप कुन प्रयोजनका लागि खरिद गरेको हो, कस्लाई हस्तारण गरेको हो भन्ने लेखापरीक्षणको क्रममा नदेखिएको हुदा उक्त पाइप सहि सदुपयोग भएको प्रमाण पेश गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	२,५५,२६०

(विस्तृत विवरण बेरूजु दफा ७३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

७४ **बैठक भत्ता –** पालिकाले यस वर्ष कर्मचारी र पदाधिकारी बैठकको लागि रू३०६८७७५ खर्च गरेको छ।पालिकाले हरेक क्रियाकलाप, कार्यक्रम, दिवस, खरिद कार्य तथा निर्णय गर्न बैठक भत्ता भुक्तानी गरेको छ ।बैठक सम्बन्धमा भत्ता दिन मिल्ने अधिक्तम सहभागी संख्या र बैठक भत्ता भुक्तानीका लागि विषय र मापदण्ड तयार गरेको छ।बैठकको लागि विनियोजित बजेट बाहेक अन्य विषयगत कार्यक्रमहरूबाट समेत विषयसंग सम्बन्धित बैठक बसी खर्च गरेको,विभिन्न समिति, शाखा, कार्यक्रम तथा निर्णयको लागि बैठक बसेको हुँदा बैठक सम्बन्धि एकिकृत अभिलेख तयार गर्नु पर्ने देखिन्छ ।तसर्थ, पालिकालेबैठक भत्ता खर्चलाई नियन्त्रण गरी कार्यालय संचालनतथा सार्वजनिकखर्च मितव्ययी बनाउँनु पर्दछ ।

सैद्धान्तिक बेरूजु

७५ **बैठक भत्ता भुक्तानी –** गाँउ तथा नगरसभाका सदस्यहरूको सुविधा सम्बन्धि ऐन २०७५ मा पदाधिकारीको बैठक भत्ता सम्बन्धी व्यवस्था गरिएको छ।वडा समितिको बैठक भत्ता भुक्तानी गर्दा आवस्यक भन्दा बढी संख्यामा उपस्थित जनाई निम्न बढी संख्यामा भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रू.

गौ.नं / मिति	नाम पद	वडा नं	रकम कर बाहेक
५२७/०८०/३/१४	प्रनिता लिम्बु क.सहायक	४	१०२००
५२७/०८०/३/१४	गणेशनाथ योगी अ स ई	४	१०२००
५२७/०८०/३/१४	पहलमान तामाङ का स	४	१०२००
५२४/०८०/३/२४	कमल बहादुर खत्री वडा	९	१०२००

	कर्मचारी		
५२४/०८०/३/२४	लाल बहादुर तामाङ का स	९	१०२००
५२१/०८०/३/१३	कृष्णबहादुर कटुवाल सहायक कर्मचारी	११	६८००
५२१/०८०/३/१३	नगेन्द्र चौहान का स	११	६८००
		जम्मा	६४६००

असुल गर्नुपर्ने	६४,६००

७६ **कर्मचारी प्रोत्साहन भत्ता –**स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानुन तथा कार्यविधि नबनाई रू ४५२३५३ प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

७७ **खरिद विधि –** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२)मा यो ऐन र यस ऐन अर्न्तगत बनेको नियमबमोजिम खरिद गर्दा टुक्रापारि खरिद गर्नुहुदैन भन्ने व्यवस्था छ भने नियमावलीको नियम ३१ मा विसलाख भन्दा बढीको मालसामान खरिद गर्दा बोलपत्रको माध्यामबाट खरिद गर्नु पर्ने उल्लेख छ ।कार्यालयले मिनिटेलर/हाते ट्याक्टर संघिय सशस्त्र चालुको भौचरनं१६६-११।१२ बाट यसपायल ग्रुप अफ इन्जिनियर्स बाट रू २४०००००मा कार्यालयबाट कोटेशनको माध्यामबाट खरिद गरेको पाइन्छ भने नगरपालिका चालु कृषि बाट भौ नं३७-१२।१९ बाट मिनिटिलर दक्षेष एग्रो प्रालि बाट रू१९६३५०० शिलबन्दि दरभाउपत्रबाट खरिद गरेको पाइयो ।एउटै प्याकेज बनाइ बोलपत्रको माध्यामबाट खरिद गर्दा बढि प्रतिस्पर्धा भई सस्तो र गुणस्तरीय सामान प्राप्त हुन जाने हुदाँ कार्यालयले उर्पयुत्त खरिद विधि छनौट गरेको पाइएन ।खरिद विधि छनौटमा कार्यालयले ध्यान दिई मितव्ययी र प्रतिस्पधि बनाउनु पर्ने देखिन्छ।

सैद्धान्तिक बेरूजु

७८ **शीर्षक फरक पारी खर्च –** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३८ मा बजेट खर्च गर्न वा खर्च निकासा गर्न दिनु अघि स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित शीर्षकमा परेको र खर्च गर्न बाँकी रहेको एकीन गर्नुपर्ने व्यवस्था छ । पालिकाले

निम्नानुसारको फरक शीर्षकबाट खर्च भुक्तानी गरको छ। फरक शीर्षकमा खर्च गरेको रू. ४९८००।०० रकम नियमित देखिएन । विनियोजित बजेट सम्बन्धित खर्च शिर्षकको अधिनमा रही खर्च गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ(नमुना छनौटको रूपमा हेरिएको) ।

भौचर नं. र मिति	शिर्षक	रकम रू	कैफियत
४१९।२०८०।३।१४	स्वास्थ्य तथा सरसफाई कार्यक्रम	४९८००।००	ईन्टरनेट जडान कार्यमा खर्च लेखेको
जम्मा		४९८००।००	

सैद्धान्तिक बेरूजु

७९ **भुक्तानी बाँकीको कच्चावारी वेगर भुक्तानी –** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ (१३) मा सम्वन्धित वर्षमा वजेट नभएको कारण भुक्तानी हुन नसकेमा महालेखापरीक्षकवाट स्वीकृत फारम वमोजिमको ढाँचामा भुक्तानी दिन वाँकीको कच्चावारी तयार गरी प्रमाणित गराइ भुक्तानी गर्नुपर्ने उल्लेख छ। पालिकाले भुक्तानी गर्न वाँकीको कच्चावारी नराखी आ.व. २०७८।७९ को योजना प्रकाशेश्वर महिला सामुदायिक सँस्था भवन मर्मत उ.स. लाई रू.२६९६७४।०० भुक्तानी दिएको छ ।यसरी भुक्तानी दिन वाँकीको कच्चावारी वेगर भुक्तानी दिँदा गत विगतका वर्षहरूमै उक्त रकम भुक्तानी भइसकेको हुनसक्ने सम्भावना रहने हुदाँ कार्यालयले भुक्तानी बाँकीको कच्चावारी प्रमाणित विवरण बेगर भुक्तानी गरेको रकम अनियमित देखिएको रू.

अनियमित भएको	२,६९,६७४

८० **बढी भुक्तानी –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाचँ र मूल्याकंनको आधारमा भुक्तानी दिनुपर्ने व्यबस्था रहेको छ । साथै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७६ को नियम ५७ मा कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने बिल, भरपाई तथा अन्य कागजात सिलसिलाबद्ध रूपमा राख्नु पर्नेछ भनी उल्लेख गरेको छ ।पालिकाले नगरभित्रका सडक अवरोध पन्छाई सरसफाई गर्ने कार्यक्रमका लागि कोटेशन मार्फत कार्य गराउद निम्न फर्मलाई खुद भुक्तानी हुनुपर्ने भन्दा रू. **११४१६७।१८** बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रू.

असुल गर्नुपर्ने	१,१४,१६७.१८

(विस्तृत विवरण बेरूजु दफा ८० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

८१ **बिमा तथा गुणस्तर परीक्षण बेगर भुक्तानी –** कार्यालयले कार्यान्वयन गरेको निम्न निर्माण ठेक्काहरूमा पिएस आइटम अन्तर्गत निर्माण सामाग्री तथा कामदारको बिमा, गुणस्तर परीक्षण लगायतको आईटमहरू समाबेश गरी खरिद सम्झौता गरेको र आयोजना शुरू अगाबै बिमा गर्नु पर्ने र कार्यसम्पन्न पश्चात अनिवार्य गुणस्तर परीक्षणको प्रतिवेदन पेश पश्चातमात्र भुक्तानी गर्नु पर्नेमा निर्माण व्यवसायीले पिएस आइटममा खर्च नगरेको भनि सो बाहेकको कार्यको मूल्याङ्कन गरी फाइनल विल भुक्तानी भएको छ । कार्यालयले भूक्तानीको

आधारमा मात्र कामदारको सुरक्षासँग जोडिएको बिमा र निर्माणको गुणस्तर आश्वस्ततासँग सम्बन्धी गुणस्तर परीक्षण प्रतिवेदन बेगर फाइनल बिल निर्माण कार्यसम्पन्न गर्नु उचित देखिएन । कार्यालय यस तर्फ गम्भिर हुनु पर्दछ । केही उदाहरणः

योजनाको नाम	निर्माण व्यबसायी	शुरू सम्झौता अनुसारको पिएस आइटमको रकम	निर्माण व्यवासायलाई भूक्तानी
नगरपालिका परिसर निर्माण	मँगलादेवी कन्स्ट्रक्सन, सिद्धकाली ३	१०००००।००	कार्य नगरेको

सैद्धान्तिक बेरूजु

८२ **कार्य सम्पन्न बेगर भुक्तानी –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाचँ र मूल्याकंनको आधारमा भुक्तानी दिनुपर्ने व्यबस्था रहेको छ ।नगरभित्रका सडक अवरोध पन्छाई सरसफाई गर्न वडा न ९ को लागि लागत अनुमान रू.३४१३७३।८५ तयार गरी कोटेशनका आधारमा काका निर्माण सेवा चैनपुर मार्फत गराई सोको कर बिजक रू.३४१३७३।८५ प्राप्त भएको छ ।सो कर बिजक प्राप्त भएको आधार कार्यालयले भुक्तानी समेत गरेको देखिन्छ तर स्रेस्ता परीक्षणको क्रममा प्राविध मुल्याँकन बिल तथा कार्य सम्पन्न बिल बेगर नै भुक्तानी भएको हुँदा उक्त काम कति भएको हो भन्ने एकिन गर्न सकिएन ।तर्सथ कार्यालये प्राविधिक मुल्याँकन बिल सहित कार्य सम्पन्न बिल पेश गर्नुपर्ने अन्यथा असुलउपर गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	३,४१,३७३

८३ **भौचर नदेखिएको –** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७६ को नियम ५७ मा कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने बिल, भरपाई तथा अन्य कागजात सिलसिलाबद्ध रूपमा राख्नु पर्नेछ भनी उल्लेख गरेको छ ।पालिकाको लेखापरीक्षण गर्ने क्रममा बैंक नगदी किताबमा खर्च देखिने तर श्रेस्तामा सँलग्न भौचर नदेखिएको हुँदा खर्च अनुसारको सक्कल बिल भरपाई सहितको भौचर पेश गर्नुपर्ने अन्यथा खर्च जनाएको रकम असुल गरी सँचित कोषमा दाखिला गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	४,१६,५७९

(विस्तृत विवरण बेरूजु दफा८३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

८४ **परामर्श तथा डि पि आर खर्च –** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरूयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

कार्य विवरण	परामर्शदाता	स्वीकृत रकम	खर्च रकम	अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत

पोखरी कोक्सा- कोक्सा बतासे मैदाने माथिल्लो बाटो र खराङ्ग सातटारेदेखि भोजपुर जोड्ने सडकको डिपिआर	कुन्ती इन्जिनियरिङ्ग कन्सल्ट प्रा.लि.	२००००००।००	१९,९२,१९०	उपलब्ध नगराएको
पोखरी कोक्सा- मैदानेदेखि मंगलचौक र खराङ्ग लेवारिङदेखि पिलुवाखोला सडकको डिपिआर	पुजन इन्जिनियरीङ्ग कन्सल्टयान्ट प्रा.लि.	१९९९०००।००	१९,९२,१९०	
चैनपुर नगरपालिका भरिको जग्गा बर्गीकरण	हरि ओम इन्जिनियरिङ्ग ग्रुप अफ कम्पनीज प्रा. लि.	१९९९०००।००	१४,९७,२५०	
अरूण,सभा,हेवा र पिलुवा नदीमा आईई	कुन्ती इन्जिनियरिङ्ग कन्सल्ट प्रा.लि.	१९९९०००।००	१९९४४५०	
संखुवासभा क्याम्पस भवन डिपीआर	भिजन इन्जीनयरिङ्ग कन्सलटेन्सी	१९९९०००।००	१९,९४,४५०	
चैनपुर नगरपालिकाको सडक गुरू योजना MTMP बापतको डिपिआर	माल्बिका इन्जिनियरिङग् कन्सल्ट प्रा.लि	१९९५०००।००	१९,९६,७१०	
नगरपालिका अफिस भवन डिटेल प्रोजेक्ट डिपिआर	ईस्टर्न डिजाईन एण्ड ईन्जिनियरीङ सर्भिस	१९९९०००।००	१९,९४,४५०	
पेरियोडिक डेभलपमेन्ट प्लान	पाथवे इन्जिनियरिङ्ग कन्सलटेन्सी प्रा.लि.	५०००००।००	४,८७,९५०	

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन।डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरू कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

सैद्धान्तिक बेरूजु

८५ **अबण्डा बजेट –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ।पुजीगत तर्फ पालिकाले यो वर्ष रू.३०,००,०००।०० अबण्डा रूपमा राखी रू.२९,७४,९१६।०० खर्च गरेको छ।बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेको पालिका पुजीगत तर्फको योजनाका उदाहारण देहाय अनुसार छ :

क्र सं	योजनाको नाम	बजेट / खर्च
१	नगरभित्रका सडक अवरोध पन्छाई सरसफाई	२९७४९१६।००

सैद्धान्तिक बेरूजु

८६ **नापी किताब –** निर्माण कार्यको विस्तृत अभिलेखाकंनका लागि स्वीकृत ढांचाको नापी किताबमा ठेक्का नम्बर आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरू भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकमसमेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रूपमा उल्लेख हुनुपर्ने व्यवस्था छ ।पालिकाले अधिकांश योजना एवं ठेक्का कार्यको लागि रनिङ बिलअनुसार नापी किताब लुज सिटमा तयार गरेको पाइयो । तोकिएको ढांचामा सबै व्यहोरा खुलाई एउटै नापी किताव नराखीठेक्का बिलअनुसार अलग अलग नापी किताब राख्दा नियमावलीको व्यवस्थाअनुसार आवश्यक सूचना लिन अभिलेख व्यबस्थापन गर्न सहज हुने हुँदा अभिलेख राखी स्वीकृत ढांचा बमोजिमको नापी किताव प्रयोगमा ल्याउनुपर्दछ ।

सैद्धान्तिक बेरूजु

८७ **एम्बुलेन्स खरिद –** सार्वजनिक खरिद नियमावली, २०६४ नियम ८४ मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार बीस लाख रूपैयासम्म लागत अनुमान भएको मालसामान, निर्माण कार्य वा जुनसुकै सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सक्ने भनी उल्लेख गरेको छ ।सोही नियमावलीको ३१ ख उत्पादक वा अधिकृत बिक्रेताद्धारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) विधिबाट गरिने खरिदको कार्यविधि रहेको छ । पालिका अन्तर्गतका वडा कार्यालयले यस आर्थिक बर्षमा अग्नी इन्कर्पोरेटेड प्रा.ली. काठमाण्डौबाट सोझै रूपमा एम्बुलेन्स खरिद गरी पालिकाले रू.१६,००,०००।०० भुक्तानी दिएको छ । नियमावलीमा भएको व्यबस्था विपरित सोझै रूपमा खरिद गर्ने कार्य अनियमित रहेको रू.

गाउँपालिकाको वडास्तरीय कार्यक्रमहरू संचालन अन्तर्गत सामाग्री खरिद तथा वितरणसँग सम्बन्धित कार्यक्रमहरू संचालन गर्दा वडा कार्यालय आफै खरिदमा संलग्न भएको देखिन्छ । स्थानीय सरकार

संचालन ऐन, २०६४ अनुसार वडा कार्यालयलाई छुट्टै खर्च गर्ने इकाईको रूपमा परिभाषित गरेको देखिदैन । सम्पुर्ण खर्चको भुक्तानी तथा लेखा राख्ने, प्रतिवेदन तयार गर्ने तथा लेखापरीक्षण गर्ने गराउने जिम्मेवारी पालिका केन्द्रको रहेको र वडा कार्यालयहरू सो मातहतको सेवा प्रवाह इकाईको रूपमा रहेको सम्बन्धमा वडा कार्यालय स्वयमले खरिद कार्यमा संलग्न हुनु उचित देखिएन । सामाग्री खरिद संग सम्बन्धीत कार्यक्रमहरू पालिका केन्द्रले बार्षिक खरिद योजना अनुसार प्रतिस्पर्धी मूल्यमा खरिद गर्नु पर्दछ ।

अनियमित भएको	१६,००,०००

८८ **स्पेसिफिकेशन उल्लेख नगरी दाखिला –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेसनको अधिनमा रही लागत अनुमान तयार गर्नुपर्ने, लागत अनुमान तयार गर्दा अघिल्ला वर्षहरूमा खरिद गर्दा लागेको मूल्य, स्थानीय बजारको प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च र उद्योग वाणिज्य संघले जारी गरेको दररेटको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ ।.भौ.नं. १७ ,मिति ०८०।०१।२७ बानेश्वर आ.वि. खहरे, चैनपुर-११ रू ६५००००।०० र श्री सिंहदेवी माध्यमिक विधालय, नुनढाकी, चैनपुर-१ रू ६४९४८०।० समेत जम्मा रू १२९९९५२।०० को लागत अनुमान तयार नगरी कोटेशनको माधयमबाट interactive panel board 75 inch १ सेट सहित विद्यालयमा IT Lab स्थापना, सुदृढिकरण एवम् Digital library व्यवस्थापन समेत खरिद गरेकोमा उक्त खरिद सामाग्री विभागले तोकेको स्पेसिफिकेशन बमोजिम भए नभएको मूल्याङ्कन गरेको देखिएन । साथै जिन्सी खातामा स्पेसिफिकेशन उल्लेख नगरी दाखिला गरेको छ । जिन्सी खातामा मालसामानको स्पेसिफिकेशन उल्लेख गरेर जिन्सी मालसामानको स्रेस्ता अद्यावधिक गर्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

८९ **Inj. Oxytocin भण्डारणका लागी ILR Refrigerator खरीद –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले एक लाख रूपैंया भन्दा बढिको कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने, तथा दफा ४ मा खरिद कार्य गर्नु खरिद गर्नु अघि त्यस सम्बन्धी स्पेसिफिकेशन योजना विशेष आवश्यकता वा अन्य विवरणहरू तयार गर्नुपर्ने उल्लेख छ। पालिकले सन्जु श्री मेडिसिन सप्लायर्स प्रा.लिलाई Inj. Oxytocin भण्डारणका लागी ILR Refrigerator खरीद वापत रू. ३,९६,६३०।०० भुक्तानी गर्द विभागबाट जारी भएको स्पेसिफिकेशन बमोजिम खरिद गरेको जनाएको छ। लेखापरीक्षणको क्रममा खरिद गरिएको स्वास्थ्य सामाग्री स्पेसिफिकेशन बमोजिम भए नभएको खुल्ने सञ्चालन म्यानुअल तथा आई एस ओ सर्टिफाईड र सप्लाई गरिएका सामान बरावरको बैक २ वर्षको बैक ग्यारेन्टी राख्नुपर्नेमा सो समेत पेश नभएकोले तोकिएको गुणस्तरको सामाग्री प्राप्त भएको एकिन हुन सकेन। उल्लेखित व्यवस्थाको पालना नगरी सोझै खरिद गरी रू. ३,९६,६३०.०० खर्च गरेकोले स्पेसिफिकेश खुल्ने सञ्चालन म्यानुअल तथा आई एस ओ सर्टिफाईड र २ वर्ष बैक ग्यारेन्टी समेत पेश हुनुपर्ने रू.

प्रमाण पेश नगरेको	३,९६,६३०

९० **पूर्वनिर्धारित क्षतिपूर्ति –**

९०.१ ४००-२०८०/३/११ सडकबोर्ड चैनपुर न पा सडक मर्मत तथा निर्माण कार्य गर्न वि एम टी निर्माण सेवा तथा सप्लायर्स सँग २०८०/३/१५ भित्र कार्यसम्पन्न गर्न २०७९/१२/२८ मा रू ३८,३१,०७०।०० को सम्झौता भएकोमा निर्माण व्यवसायीले २०८०/३/११ मा प्रथम वील पेश गरे अनुसार रू. १६,३५,२५३।५१ भुक्तानी भएको देखिन्छ । व्यवसायीले सम्झौता म्याद सम्म कार्यसम्पन्न नगरी लेखापरीक्षण अवधी २०८०।६।१५सम्म म्यादथप समेत नगरी सजिलो कामको भुक्तानी लिई अन्य कार्यसम्पन्न नगरेकोमा ढिला कार्य अवधिको पूर्वनिर्धारित क्षतिपूर्ति कट्टी गरेको छैन । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ अनुसार अधिक्तम १० प्रतिशतका दरले रू. ३,३९,०३२।०० पूर्वनिर्धारित क्षतिपूर्ति असूल हुनुपर्ने रू.

असुल गर्नुपर्ने	३,३९,०३२

९०.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० मा कार्य सम्पादन जमानतको मान्य अवधि त्रुटि सच्चाउने अवधिभन्दा कम्तीमा १ महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ । सडकबोर्ड चैनपुर न पा सडक मर्मत तथा निर्माण कार्य गर्न निर्माण व्यवसायीसँग सम्झौता भएकोमा सडक मर्मतको काम बाँकी रहेकोमा कार्य सम्पादन जमानत रू. ७,००,०००।०० को म्याद २०८१।५।३१ सम्म रहेकोमा थप भएको छैन । कार्यसम्पादन जमानतको म्याद समाप्त भई सकेकोले जमानत रकम जोखिममा रहेकोले नियमानुसार कारबाही गर्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

९१ **कर विजक –** आयकर ऐन,२०५८ को दफा ८८ बमोजिम सेवा शुल्क भुक्तानीमा(मूल्य अभिवृद्धि करमा दर्ता नभएका) संस्थाहरूले भुक्तानी लिएको रकममा १५ प्रतिशत कर कट्टा गर्नुपर्ने व्यवस्था भएको तथा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ (१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि वाहेक प्रापकलाई अनुसूची ५ र ५(क) बमोजिमको ढाँचामा कर बिजक दिनुपर्ने व्यवस्था छ । चित्लाङ् खानेपानी आयोजना उपभोक्ता समितिलाई विल बमोजिमको भुक्तानी गर्दा पेश भएको प्रथम रनिङ्ग विलसंगै संलग्न पोखरी काष्ठ उद्योग तथा मिसिङ्ग सप्लायर्स भ्याट नं ६०३३७४७९७ बाट खरिद गरिएको मूल्य अभिबृद्धि कर रू. २,९०,४४४।७० समेत रू.२५,२४,६३४।७० को छड तथा एच डि पि पाईप खरिदको फर्म मूल्य अभिवृद्धि करमा दर्ता भएको नदेखिएकोले निजलाई भुक्तानी गरिएको विल बमोजिमको भ्याट रकम रू. २,९०,४४४।७० को मूल्य समायोजन पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रू.

अनियमित भएको	२,९०,४४५

९२ **फोहोरमैला व्यवस्थापन –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ज) मा वातावरण संरक्षण तथा वातावरणीय जोखिम न्यूनीकरणका सम्बन्धमा स्थानीय तहको काम कर्तव्य र अधिकार उल्लेख छ। फोहोरमैला व्यवस्थापन गर्नेगरी विनियोजित बजेटबाट आफ्नो क्षेत्रबाट उत्पादन हुने फोहोरमैला व्यवस्थापनको लागि विसर्जन स्थलको व्यवस्था गर्नुपर्नेमा जग्गाको व्यवस्थापन नभएको जनाई स्थानीय सडक बाटो स्तरोन्ती लगायतका कार्यमा संघीय शसर्तबाट विनियोजित बजेट रू.१५ लाख ६२ हजार खर्च गरेकोले फोहोरमैला व्यवस्थापनगर्ने कार्यमा खर्च नभएकोले खर्चको प्रभावकारिता नदेखिएको रू

अनियमित भएको	१५,६२,०००

९३ **पाइप खरिद –** सार्वजिनक खरिद नियमावलीको नियम १२३ उपनियम १ को खण्ड ख बमोजिम नापजाँच पश्चात नापिकितावमा भएको वास्तविक कार्यसम्पादन परीमाणका आधारमा मात्र खर्च तथा भुक्तानी लेख्न मिल्ने व्यवस्था रहेको छ । पालिकाले पाईपलाईन विस्तार योजनाको लागी एल वि मल्टीप्रपोज कम्पनि लिमिटेडवाट खरिद गरेको रू. १५,९९,८५४।०० को पाइप दाखिला तथा हस्तान्तरण गरेको देखिन्छ । खरिद गरिएको पाइपहरू खरिदको नापीमा चढेको देखिए पनि सम्बन्धित योजनामा जडान हुनुपर्दछ । पाइप खरिद गरेकोमा सो पाइप कार्यालयको जिन्सी खातामा अभिलेख नरहेको र कुन कुन योजनाहरूमा प्रयोग भएको हो सोको प्रमाण संलग्न नभएकोले सोको प्रमाण पेश हुनुपर्ने रू.

प्रमाण पेश नगरेको	१५,९९,८५४

९४ **बिऊँ पुंजी कोष –** नगरपालिकाको २०८०/३/२१ को निर्णय अनुसार एकल महिला उद्यमशीलता विकास कार्यक्रम संचालन मार्गदर्शन २०८०, बमोजिम नगर क्षेत्रभित्रका उद्यमशील एकल महिला समूहलाई बिऊँ पुंजी कोष संचालका लागि व्यवसाय अनुदान रू ५०००००।०० र व्यवसाय सम्वन्धी तालीम कार्यक्रम वापत रू २०००००।०० समेत जम्मा रू ७०००००।०० अनुदान निकासा २०८०/३/२१ मा गरेको देखियो । कार्यालयको भनाई अनुसार आ व २०७६।७७ मा प्राप्त अनुदान रकम मध्ये तीन वर्ष पछी प्राप्त अनुदान मध्ये ५० प्रतिशतका दरले अन्य उद्यमशील समूहलाई बिऊँ पुंजी कोष संचालनका लागि उपलव्ध गराउनुपर्ने प्रावधान बमोजिम यसै समूहलाई नै रू ७०००००।०० थप अनुदान उपलव्ध गराएको जनाएको छ । यसरी जम्मा प्राप्त अनुदान रू १४०००००।०० को बिऊँ पुंजी कोष संचालन कार्यविधि तयार गरी गरी ऋण प्रवाह गरेको भए सो को विवरण अन्यथा बैंकमा जम्मा रहेको रकम खुल्ने विवरण र विल भरपाई समेत व्यवसाय सम्वन्धी तालीम कार्यक्रमको विवरण पेश हुनुपर्ने रू.

प्रमाण पेश नगरेको	२,४९,८२५

९५ **जिल्ला अदालत कम्पाउन्ड निर्माण –** संघीय सरकार वा प्रदेश सरकारबाट अख्तियारी सहित प्राप्त वा स्थानीय तहका आफ्नै कार्यक्रम सञ्चालन गर्दा ती कार्यक्रम र अख्तियारीमा तोकिएको शर्त तरीका बमोजिम खर्च गर्नुपर्दछ । पालिकाले यस वर्ष सङखुवासभा जिल्ला अदालत कम्पाउन्डमा ब्लक छापी

निर्माण वापत रू ४९९७९२।०० उपलब्ध गराएको छ । अन्य सरकारी कार्यालयहरूको खर्च तालुक निकायका मन्त्रालयका स्वीकृती बेगर पालिकाबाट खर्च गरिएको रकम दोहोरो भए नभएको एकिन गर्न सकिएन । यसरी खर्च गर्दा पालिकाको आफ्नो विकास निर्माण सम्बन्धी बजेट व्यवस्थापनमा चाप पर्ने र कार्यालयले प्रदान गर्ने सेवा प्रवाहमा समेत असर पर्ने देखिन्छ । अतः छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका देहायका कार्यालय तथा सघंसस्थाहरूलाइ विभिन्न कामको लागि भुक्तानी दिएको रकम नियमसम्मत नभएको रू.

अनियमित भएको	४,९९,७९२

९६ **दोहोरो कार्य –** स्मृति कन्स्ट्रक्सन एन्ड सप्लायर्सलाई देउराली खुट्ादेवी सडक स्तरोन्नती बापतको चैनेज ०+०३० देखि ०+२३२ सम्मको ढुङ्गाको सोलिङ्ग सहितको सडक स्तरोन्नती कार्यको कार्य गरी रू ३८०४५३८।०० भुक्तानी गरेको र देउराली अम्बरबहादुर श्रेष्ठको घरछेउबाट भुवन श्रेष्ठको घरसम्म सोलिङ्ग उपभोक्ता समितिलाई चैनेज ०+०३० देखि ०+०८० सम्मको ढुङ्गाको सोलिङ्ग कार्यको कार्य गरी रू २४९८२५।०० भुक्तानी गरेको देखिएकोले रू २४९८२५।०० को एउटै चैनेज ०+०३० देखि ०+०८० मा दोहोरो कार्य नभएको एकिन गर्न नसकिएको रू.

प्रमाण पेश नगरेको	२,४९,८२५

९७ **आर यस ड्रगलाई बढी भुक्तानी –** आर यस ड्रगलाई औषधि तथा सर्जिकल सामान ३७ आइटम खरिद बापत रू.१३,५८,४४१।०० भुक्तानी भएकोमा उक्त संस्थाले १६ प्रतिशत सम्म छुट दिने उल्लेख गरेकोमा ३७ आइटमको १६ प्रतिशत छुट रकम गणना गर्दा रू.१३,४५,९३२।०० हुन आउनेमा सो भन्दा बढी रू.१३,५८,४४१।०० भुक्तानी गरेको पाइएकोले रू.१२,५०९।०० बढि भुक्तानी हुन गएको रकम असुल हुनुपर्ने रू.

असुल गर्नुपर्ने	१२,५०९

९८ **करारलाई महगी भत्ता–**

.... *(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७८०।१२।२७ को निर्णयबाट रु. १४०००।०० संम्परीक्षण गरिएको ।)*

असुल गर्नुपर्ने	०

९९ **दरबन्दी भन्दा बढी भुक्तानी –** आर्युवेद तथा वैकल्पिक चिकित्सा विभागको आर्युवेद औषधालयको दरवन्दि विवरण अनुसार ४ जनाको दरवन्दि रहने उल्लेख छ भने चैनपुर नगरपालिकाको आर्युवेद औषधालयमा मसाज गर्ने कर्मचारीको दरवन्दि रहेको छैन ।कार्यालयले ४ जनाको दरवन्दि रहेकोमा ५जनालाई नियुक्ति दिइ १ जनालाई दरवन्दि नभएको अभ्यङ्गकर्ता कर्मचारी राखी रू.३७१९३०।०० खर्च लेखेको

पाइएकोले उक्त खर्च नियम सम्मत नदेखिएको रू.

अनियमित भएको	३,७१,९३०

१०० **कार्यक्रम विपरीत खर्च –** स्थानिय तह कार्यक्रम संचालन मार्गदर्शन २०७९।८० को मातृ तथा नव शिशु कार्यक्रममा वर्थिङ्ग सेन्टरमा चौविसै घण्टा काम गरे वापत स्वास्थकर्मिहरूलाई रू १५० का दरले पारिश्रमिक उपलव्ध गराएको मा सो कार्यक्रम मातृ तथा नवशिशु कार्यक्रममा नभएको उक्त खर्च अनियमित देखिएको रू.

अनियमित भएको	३,२४,४००

१०१ **औषधि व्यवस्थापन –** यस कार्यालयबाट खरिद भएका५ प्रकारका औषधिको प्राप्ती, उपयोग र मौज्दातको स्थितिको परीक्षण गर्दा देखिएको व्यहोरा देहायबमोजिम रहेको छ ।

औषधिको नाम	गत बर्षको मौज्दात	पालिकाबाट खरिद	स्वास्थ्य कार्यालयबा प्राप्त	जम्मा आम्दानी	खर्च	बाँकी मौज्दात
Amoxycilline 125 mg	६०००	१६९००	३०००	२५९००	१९८००	६१००
Cetirizine 10mg	३०३०	१२०००	०	१५०३०	१४७३०	३००
Paracetamol 500mg	७१४००	१५००००	६०००	२२७४००	१४८५००	७८९००
Ranitidine 150mg	५०६५०	६५०००	०	११५६५०	८५६५०	३००००
Amoxycilline 125mg drasyp	७७	३००	६००	९७७	३९२	५८५

औषधिको मौज्दात प्रणाली स्तरीय हुन सो को प्राप्ती र निकासा विच सन्तुलन कायम रहनु पर्दछ । Authorized stock level, Emergency order point औषधि प्राप्त हुने समय, Load time maximum consumption आइटम, Minimum Consumption आइटमको आधारमा खरिद प्राप्ति एवं मौज्दात अवस्थाको निर्धारण गर्नुपर्नेमा गरेको छैन । आवश्यकताको आधारमा खरिद र प्राप्ति प्रकृया निर्धारण नगरेको हुँदा मौज्दातको अवस्था अधिकतम रूपले त्रुटि एवं बढी समेत देखिन सक्छ । साथै मौज्दातमा अधिक औषधि रहँदा म्याद समाप्त हुन सक्ने र सेवा प्रवाहमा असर हुने सम्भावना रहेकोले औषधिको माग पहिचान गरी खरिद र खर्च विच सन्तुलन कायम गर्न पर्दछ भने Pushing system लाई निरूत्साहित गरी जनतालाई निशुल्क स्वास्थ्य सेवा पुऱ्याउने तर्फ ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरूजु

१०२ **औषधि खरिद –** सार्वजनिक निकायले खरिद कार्य प्रतिश्पर्धी र मितव्ययी हुनगरी खरिद गर्नुपर्दछ। गाँउपालिकाले यस वर्ष रू.१५ लाखको निशुल्क वितरण गर्ने औषधीहरू खरिद गरी विभिन्न स्वास्थ्य संस्थाहरूलाई हस्तान्तरणगरेको छ। स्वास्थ्य संस्थाहरूबाट औषधीका माग संकलन गरी औषधीको नाम तथा परिमाण खुलाई पटक पटक खरिद गरेको छ। यसरी खरिद गर्दा प्रतिस्पर्धा र मितव्ययी भएको देखिदैन। खरिद कार्यलाई प्रभावकारी बनाई प्रतिस्पर्धाको माध्यम अपनाई खरिद गर्न आवश्यक व्यवस्था गर्नुपर्दछ। यस सम्बन्धि देखिएको व्यहोराहरू निम्नानुसार छनः

· खरिद गर्न पूर्व लागत अनुमान तयार गर्दा सम्बन्धित स्वास्थ्य कार्यालयहरूको बाँकी मौज्दात एकिन नगरेको,

· आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,

· आपूर्ति भएका औषधी एवम् सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशिफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा एकिन गर्न सकिएन ।

तसर्थ, औषधीको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधीहरूको जिम्मेवारीलाई जिन्सी अभिलेख खातामा व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरूजु

१०३ **मूल्य अभिबृद्धि कर संघिय कोषमा दाखिला गर्नु पर्ने –** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ मा उल्लेख भएका सेवा तथा वस्तु तथा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी कर छुट हुने भनी उल्लेख भएको वस्तु तथा सेवाबाहेकका वस्तुमा मूल्य अभिवृद्धि कर छुट दिन नहुने व्यवस्था छ। जसअनुसार पालिकाबाट प्राकृतिक स्रोत विकीका लागि बन्दोबस्त भएको ठेक्कामा बिक्री मूल्यमा लाग्ने मूल्यमा अभिवृद्धि कर छुट दिन मिल्ने देखिदैन । पालिकाले पार्किङ्ग सेवा शुल्क र ढुङ्गा गिट्टी वालुवाको ठेक्का आहान गरेकोमा निजहरूबाट देहाय बमोजिम उठाएको भ्याट रकम गाँउपालिकाको खातामा जम्मा गरेको हुँदा उक्त रकम संघीय सञ्चित कोषमा दाखिला हुनुपर्ने रू.

नाम	संझौता रकम	असुल रकम	भ्याट रकम
यूगल भुसाल	६५००००	२१६७००	२८१७१
महेश चन्द्र गौतम	७६००६६६		९८८०८६
		जम्मा	१०१६२५७

प्रमाण पेश नगरेको	१०,१६,२५७

१०४ **नपुग राजश्व असुल हुनुपर्ने –** बस पार्कमा कार्यालयले बनाएको सटर नम्वर ७ र ८ बाट प्रति महिना र ५२०० का दरले भाडा उठाउने गरी सन्दिप नलामीसगँ संझौता भएकोमा निजले २०७६।७७ देखी २०७९।८० सम्म रू२२३६०० मा कोरोनाको ३ महिनाको रू १५६०० छुट सहित रू २०८००० राजश्व बुझाउनु पर्नेमा रू १७२८०० मात्र बुझाएको पाइएकोले नपुग रकम रू ३५२०० असुल हुनु पर्ने रू.

असुल गर्नुपर्ने	३५,२००

१०५ **प्रारम्भिक वातावरणीय परीक्षणको IEE प्रतिवदेन कार्यान्वयन नभएको –** प्रारम्भिक वातावरणीय परीक्षणको IEE प्रतिवदेन कार्यान्वयन नभएकोःकार्यालयले अरूण खोलाहेवा खोला पिलुवाखोला र सभा खोलाबाट ढुङ्गा गिट्टी वालुवा उत्खनन गर्ने IEE प्रतिवेदन तयारीको लागी बोलपत्र आह्वानबाट कुन्ती इन्जिनियरिङ्ग कन्सल्टयान्ट छनौट भइ उत्त फर्म सगँ २०७९।७।३० मा प्रतिवेदन दिने गरी मिति २०७९।५।२१ मा संझौता भएको पाइन्छ ।उत्त फर्मले मिति २०७९।७।२३ मा प्रतिवेदन पेश गरेको पाइन्छ ।संस्थाले दिएको प्रतिवेदन अनुसार बार्षिक देहाय वमोजिम राजश्व उठाउन सकिने उल्लेख भएकोमा कार्यालयले ढुङ्गा गिट्टी वालुवाबाट तोकिए वमोजिम राजश्व असुल गरेको पाइएन । कार्यालयले आ.व.२०८०।८१ मा यस शिर्षकबाट रू.२५५९९०।०० (गत वर्ष अमानतबाट उठाएको राजश्वको अनुमान अनुसार) मात्र उठाउने प्रक्षेपण गरेको पाइयो ।प्रतिवेदन पेश गरे वापत कुन्तीलाई रू.१९९७८४०।०० भुक्तानी हुनु तर प्रतिवेदन कार्यान्वयन नहुदाँ नगरपालिकालाई राजश्व प्राप्त नहुनु उचित देखिदैन ।अत प्रतिवेदन कर्यान्वयन गरी तोकीएको राजश्व प्राप्त गर्न नगरपालिकाले ध्यान दिनु पर्ने देखिन्छ।

प्रतिवेदन अनुसार बार्षिक ढुङ्गा गिट्टी वालुवा संकलन गरिने परिमाण देहाय अनुसार छ।

खोलाको नाम	बालुवा परिमाण	गिट्टीको परिमाण	ढुङ्गाको परिमाण	अनुमानित रकम
अरूणखोला अर्न्तगत दमकट्टा क्षेत्र	५०४०	८४००	२६२५	२६००२६५
अरूणखोला अर्न्तगत खहरेक्षेत्र	३९३८	६५६३	३३६०	३३२८३३९
हेवाखोला अन्तरर्गत दोभानेक्षेत्र	०	२१३	४९७	१५०४४०
सभाखोला अर्न्तगत दारेगौडाक्षेत्र	६००	१८००	६००	६०८११९
सभाखोला अर्न्तगत त्रिवेणीक्षेत्र	११५२	२८८	०	२५२२३१
सभाखोला अर्न्तगत दोभानक्षेत्र	१८००	२००	०	३४११४०
			जम्मा	७२८०५३४

सैद्धान्तिक बेरूजु

१०६ **हर्जना तथा कर असुल नभएको –** अरूण खोला,हेवा खोला, पिलुवाखोला र सभा खोलाबाट ढुङ्गा,गिट्टी, वालुवा र माटो/भरौट निकासी शुल्क संकलनको ठेक्का कार्यालय र अरूण मनकामना प्रा.ली. (श्री महेश चन्द्र गौतम) बीच मिति २०७५ मङसिर २६ गते रू ७६००६६६ मा संकलन गर्ने संझौता भएको छ ।संझौता अनुसार प्रथम किस्ता रू ३८००३६८.०० संझौता गर्दाकै वखत राजश्व जम्मा गर्ने र दोस्रो किस्ताको रू ३८००३६८.०० मिति २०७६ जेष्ठ मसान्त भित्र जम्मा गर्नु पर्ने उल्लेख छ।प्रथम किस्ताको रकम संझौता गर्दाकै वखत राजश्व दाखिला गरेता पनि दोस्रो किस्ता ढिला गरी मिति २०७८।३ मा रू.१९,००,०००।०० र मिति २०८०।१।२७ मा रू.१९,००,०००।०० दाखिला गर्दा ऐन नियम बमोजिम १० प्रतिशत हर्जना र अग्रिम कर रू.१,१४,०१०।०० असुल गर्नुपर्नेमा सो असुल गरेको देखिएन । ऐन नियम बमोजिम १० प्रतिशत हर्जना तथा अग्रिम कर समेत असुल गर्नुपर्ने रू.

समय अवधि	रकम	हजर्ना रकम
२०७६।४।१देखी २०७७।३।३१	३८००३६८	३८००३६
२०७७।४।१ देखी २०७८।३।३१	१९०००००	१९००००
२०७८।४।१ देखी २०७९।३।३१	१९०००००	१९००००
जम्मा		
	असुल गर्नुपर्ने	७,६०,०३६

१०७ **संझौता अनुसार हर्जना असुल नभएको –** सार्वजनिक खरिद ऐन २०६३को दफा ५९ को उपदफा ७ मा उल्लेखीत व्यवस्था अनुसार सार्वजनिक निकाय सँग खरिद संझौता गर्नेले संझौता बमोजिम काम शुरू नगरेमा, काम शुरू गरी विचैमा छाडेमा वा संझौता बमोजिमको कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो संझौता जुनसुकै बखत अन्त्य गर्न सक्दछ भन्ने व्यवस्था रहेको र ऐ.ऐनको ऐ.दफाको उपदफा ८ मा उपदफा ७ बमोजिम संझौता अन्त्य भएमा सो काम वापत राखिएको पुरै जमानत जफत हुने उल्लेख छ ।कार्यालय र यूगल भुसाल बीच भएको संझौता अनुसार ६ लाख ५० हजार पार्किङ्ग सेवा शुल्क उठाउन संझौताको बखत रू २१६७०० बैक दाखिला गर्ने र बाँकी रकमको सुरक्षाको लागी राष्ट्रिय बाणिज्य बैकमा राखिएको जमानत रकम रू ४३४००० मिति २०७९।५।५ को पत्रबाट बैक जमानिको म्याद २०८०।४।३० सम्म रहेको उल्लेख छ।यूगल भुसालले संझौता बमोजिमको बाँकी रकम २०८०।२।३१मा कार्यालयमा दाखिला नगरेको तथा बैक जमनतको म्याद समेत गुज्रेको कारण उत्त रकम असुल हुन नसक्ने अवस्था देखिएकोले कार्यालयले नियममा भएको व्यवस्था अनुसार कारवाही गरी संझौता अनुसार १० प्रतिशत हर्जना सहित रकम असुल गर्नु पर्ने देखिएको रू.

असुल गर्नुपर्ने	४,७७,४००

१०८ **सहकारी नियमन –** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली(COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार पालिका भित्र ३० वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली(COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरूजु

१०९ **सार्वजनिक परीक्षण –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगोर भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन। तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफ देहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

सैद्धान्तिक बेरूजु

११० **फोहोरमैला व्यबस्थापन –** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरूले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरूवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

१११ **प्रधानमन्त्री रोजगार कार्यक्रम –** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रूपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत १० वडामा१६ योजना सञ्चालन गरी यस वर्ष ६३ जनालाई औसत ९९.०४ दिनले ६२४० दिन रोजगारी उपलव्ध गराई रू. ३६,००,४८०।०० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुनसकिएन । योजनामा

दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमाअल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन ।तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नु पर्दछ।

सैद्धान्तिक बेरूजु

११२ **शिर्षक फरक पारी खर्च –** आर्थिक कार्यविधि नियमावली, २०६४ को ३५ (३) मा कुनै उपशिर्षकमा विनियोजित एक समूहको र्ख शिर्षकको रकम अपर्याप्त छ र सो रकम खर्च नगरेमा सरकारी हानी नोक्सानी हुने वा सरकारी काममा वाधा पर्ने देखिएमा सो को स्पष्ट कारण खुलाई सोही उपशिर्षकको अर्को समूहको खर्च शिर्षकको मौज्दात रकमबाट खर्च गरी त्यस्तो काम भएको सात दिनभित्र त्यसरी खर्च गरेको रकम नियम ३८ बमोजिम नियमित गराउनु पर्ने व्यवस्था छ । संघीय शशर्त अनुदान वापत न.पा.लाई प्राप्त रकम खर्च गर्दा प्राप्त खर्चको अख्तियारी र खर्च शिर्षकमा रही खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले सामुदायिक विद्यालयको शिक्षकहरूका लागि तेस्रो चौमासिक तलव वापतको रकम निकासा गर्दा रकमान्तर स्वीकृत वेगर निम्नानुसार शिर्षकबाट फरक पारी रू.१६९२२६२/- भुक्तानी गरेको छ । कानूनमा भएको व्यवस्था भन्दा फरक विधि, प्रकृया र क्षेत्रमा भएको खर्च नियमसंगत नदेखिएको रू.

गोश्वार भौचर	बजेट भएको शिर्षक	खर्च गरेको शीर्षक	रकम
११०-२०८०।३।२३	हेवा खोला झोपु तथा सुरक्षित नागरिक आवास र संखुवासभा खानेपानी योजना	पाईपलाईन विस्तार योजना	१५९९८५४
६२-२०८०।१।०७	स्थानीय तहका स्वास्थ्य चौकी, प्रा.स्वा.के. रअस्पतालहरूमा कार्यरत कर्मचारीहरूको तलव, महगी भत्ता, स्थानीय भत्ता, पोषाक लगायत प्रशासनिक खर्च समेत	पुजा आधुनिक फर्निचरउद्योग	९२४०८
		जम्मा	१६९१४९२

अनियमित भएको	१६,९२,२६२

११३ **कोभिड १९ रोकथाम तथा आईसोलेसन व्यवस्थापन खर्च –**

११३.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धि नियमालवी २०७७ अनुसार कार्यालयले आर्थिक वर्षको अन्त्यमा भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी म. ले. प. फा. नं २२१ मा सम्पूर्ण विवरणको लगत तयार गरी स्वीकृत गराई भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ। यस पालिकाले । ४ पालिकाकाको संयोजनमा कोभिड १९ रोकथाम तथा आईसोलेसन व्यवस्थापनका लागि आ व

२०७७।७८ मा भएको जम्मा खर्च रू. ७४,२३,९९५।४६ मध्ये सोही आ.ब मा भुक्तानी नभएको जनाई पाँचखपन न.पा. बाट चैनपुर न.पा.बाट रू.१४,८३,४६४।०० प्राप्त गरि यस आर्थिक बर्षमा कच्चावारी बेगर एम एस वायोमड ट्रेडर्सलाई रू. १४,८३,४६४।०० भुक्तानी गरेको देखियो। यसबाट दोहोरो भुक्तानी हुन सक्ने योजनाको बिल भरपाई गत आ.व. को स्रेस्तासाथ रहेने हुँदा खर्चको यथार्थता यकीन नहुने हुन्छ । यसरी खरिद गरिएका विभिन्न मालसामान प्रयोग र मौज्दाको अवस्था समेत एकिन हुन सकेन । तोकिएको ढाँचामा प्रमाणित कच्चावारी वेगर भुक्तानी गरेको रू. १,०७,०८,५०४/- नियम संगत देखिदैन।

सैद्धान्तिक बेरूजु

अनुसूचीहरू

आर्थिक कारोबारको स्थिति

अनुसूची १

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान: चैनपुर नगरपालिका, संखुवासभा ।

पद	नाम	कार्यकाल सुरू मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	किरण प्रसाद ढकाल	२०७६-१२-११	२०८०।३।३१
लेखा प्रमुख	दिपेन्द्र चौलागाई	२०७८-४-१	२०८०।३।३१

बेरूजु वर्गीकरणः

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२,४९९,२४४.१८	१७,२००,२८४	४०,५६९,९३०.०१	०	०	०
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरूजू रू.					६०,२६९,४५८.१९
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रू.					६११,३७२
संपरीक्षणबाट थप भएको बेरूजू रू.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरूजू रू.					५९,६५८,०८६.१९

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		९५४३४४१२.७९	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	५२७९४७१७९	चालु खर्च	४०८७०५४५७.०२
प्रदेश सरकारबाट अनुदान	२१८९३४८३	पूँजीगत खर्च	२६६६३९२८७.०२
राजश्व बाँडफाँट	९९२३५११४.४१	वित्तीय/अन्य व्यवस्था	१५९१३४६०९.२९
आन्तरिक आय	१६६६२१२१.१७		
अन्य आय	१४००९७१२९.५९		
कुल आय	८०५८३५०२७.१७	कुल खर्च	८३४४७९३५३.३३
बाँकी मौज्दात		६६७९००८६.६३	

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची -३

प्राप्ती भुक्तानी हिसाव								
विवरण	टिप्पणी	यस वर्ष रू.				गतवर्ष रू.		
		बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		८१,७३,०४,१५६.००	६५,०९,४२,४१४.०४		६५,०९,४२,४१४.०४	६३,७०,८९,६२४.३८		६३,७०,८९,६२४.३८
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		७९,६८,४२,५१३.००	६४,३२,२०,६०४.३६	०	६४,३२,२०,६०४.३६	६२,७४,५८,४७९.३८	०	६२,७४,५८,४७९.३८
११००० कर	११	१२,४०,८६,५१३.००	१०,२६,०९,४००.२७	०	१०,२६,०९,४००.२७	११,३३,०४,५७७.३८	०	११,३३,०४,५७७.३८
१३००० अनुदान		५८,४०,२०,०००.००	५२,७३,२३,३६८.७८	०	५२,७३,२३,३६८.७८	५०,०१,५७,२८१.१७	०	५०,०१,५७,२८१.१७
संघीय सरकार	१२	५५,३८,७५,०००.००	५०,५६,०९,३३७.७८	०	५०,५६,०९,३३७.७८	४७,४०,१३,३२४.१७	०	४७,४०,१३,३२४.१७
प्रदेश सरकार	१२	३,०१,४५,०००.००	२,१७,१४,०३१.००	०	२,१७,१४,०३१.००	२,६१,४३,९५७.००	०	२,६१,४३,९५७.००
१४००० अन्य राजस्व		९८,२७,५०८.४८	१,३२,८७,८३५.३१	०	१,३२,८७,८३५.३१	१,३९,९६,६२०.८३	०	१,३९,९६,६२०.८३
३२००० वित्तीय सम्पत्ति		७,८९,०८,४९१.५२	०	०	०	०	०	०
ख. अन्य		२,०४,६१,६४३.००	७७,२१,८०९.६८		७७,२१,८०९.६८	९६,३१,१४५.००		९६,३१,१४५.००

प्राप्ति								
वितरण गर्न बाकी राजस्व		०	०	०	०	०	०	०
कोषहरू		२,०४,६१,६४३.००	०	०	०	५३,३१,४२४.००	०	५३,३१,४२४.००
धरौटी		०	७७,२१,८०९.६८	०	७७,२१,८०९.६८	४२,९९,७२१.००	०	४२,९९,७२१.००
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	०	०	०
भुक्तानी (ग+घ)		८१,७३,०४,१५६.००	६९,१५,५५,००३.००		६९,१५,५५,००३.००	६४,०२,०१,५८६.५८		६४,०२,०१,५८६.५८
ग. भुक्तानी (सञ्चित कोषबाट)		७९,६८,४२,५१३.००	६७,५३,४४,७४४.०४		६७,५३,४४,७४४.०४	६२,३१,८२,७९९.५८		६२,३१,८२,७९९.५८
२१००० पारिश्रमिक / सुविधा	१८	२९,१८,५४,०८८.००	२६,३७,५६,८२४.५८	०	२६,३७,५६,८२४.५८	२१,१३,६४,८४१.३१	०	२१,१३,६४,८४१.३१
२२००० मालसामान तथा सेवाको उपयोग	१८	१५,६२,३९,४२५.००	१२,०१,६४,८५१.०१	०	१२,०१,६४,८५१.०१	१५,८२,७३,७०८.२७	०	१५,८२,७३,७०८.२७
२५००० सहायता (Subsidy)	१८	१,४७,९३,०००.००	१,३८,७९,२७४.४३	०	१,३८,७९,२७४.४३	७,६१,४००.००	०	७,६१,४००.००

२६००० अनुदान	१८	०	०	०	०	५५,०००.००	०	५५,०००.००
२७००० सामाजिक सुरक्षा	१८	९४,०२,२९६.००	७५,४९,७४२.००	०	७५,४९,७४२.००	८४,९०,४५३.००	०	८४,९०,४५३.००
२८००० अन्य खर्च	१८	४४,७२,०००.००	३३,५४,७६५.००	०	३३,५४,७६५.००	२६,८७,८५३.००	०	२६,८७,८५३.००
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	३२,००,८१,७०४.००	२६,६६,३९,२८७.०२	०	२६,६६,३९,२८७.०२	२४,१५,४९,५४४.००	०	२४,१५,४९,५४४.००
घ. अन्य भूक्तानी		२,०४,६१,६४३.००	१,६२,१०,२५८.९६		१,६२,१०,२५८.९६	६४,०२,०१,५८६.५८		६४,०२,०१,५८६.५८
कोषहरू		२,०४,६१,६४३.००	१,१३,७९,०६४.००	०	१,१३,७९,०६४.००	१,१९,४४,४५२.००	०	१,१९,४४,४५२.००
धरौटी		०	४८,३१,१९४.९६	०	४८,३१,१९४.९६	५०,७४,३३५.००	०	५०,७४,३३५.००
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	०	०	०
ङ. यो वर्षको बचत (न्युन)			(४,०६,१२,५८८.९६)		(४,०६,१२,५८८.९६)	(३१,११,९६२.२०)		(३१,११,९६२.२०)
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			१०,९८,८६,९९५.६९		१०,९८,८६,९९५.६९	९,७३,६०,२०५.७८		९,७३,६०,२०५.७८

वर्षान्तको बाकी रकम (ङ + च)			६,९२,७४,४०६.७३		६,९२,७४,४०६.७३	९,४२,४८,२४३.५८		९,४२,४८,२४३.५८
बैंक तथा नगद बाकी	२४		६,६८,६८,९६०.७३		६,६८,६८,९६०.७३	९,४४,७७,२४३.५८		९,४४,७७,२४३.५८

बेरूजु दफा २४ सँग सम्बन्धित विवरण - अनुसूची -५

क्र.सं.	योजनाको विवरण	ठेक्का नं.	बोलपत्रदाता	लागत अनुमान	सम्झौता रकम	घटी प्रतिशत
१	सोलार लिफ्ट निर्माण	CM/NCB/W/11-079-080	एम.के.पृथ्वी गोर्खाली निर्माण जे.भी.	विवरण उपलब्ध नभएको	१०५६८४५०।००	
२	चैनपुर फोहोरमैला व्यबस्थापन	CM/NCB/W/09-079-080	एस एण्ड एस भोजपुरे कन्स्ट्रक्सन	७५८५३६५।००	५०५४६४४।००	३३.३६
३	देउराली देखि खुट्टा देवीसम्म सडक स्तरबृदी	CM/NCB/W/10/079/080	स्मृति कन्स्ट्रक्सन	विवरण उपलब्ध नभएको	३१०५११८।५०	
४	चैनपुर भन्डारी मोड देखि चापाभैं जाने	CM/NCB/W/05/079/080	काका निर्माण सेवा	४००००८६३।००	३७९७७०३६।००	५
५	चैनपुर रातमाटे बेंरे मावदिन सडक	CM/NCB/W/06/079/080	काका निर्माण सेवा	२८०५१७८४।००	२५५८४७१८।००	८.८०
६	सिद्पोखरी स्वास्थ्य चौकी भवन ४	CM/NCB/W/01/079/080	एस एन्ड एस भोजपुरे कन्स्ट्रक्सन प्रा.लि	१८२३४७४२।६४	१६७६१५३४।१९	८.१०
७	नगरपालिका परिसर निर्माण	CM/NCB/W/01/079/080	मंगलादेबी कन्स्ट्रक्सन	१३७५२६६३।००	८७५५७५७।००	३६.३३

८	खराङ हातीसुँडे सडक निर्माण	CM/NCB/W/07/079/080	जिम्बा पूरण बिनायक जे.भी	२८३२००५४।६६	२७१७०४१३।३७	४
९	चैनपुर सिरान देखि सिद्धकाली जाने सडक निर्माण	/W/08/079/080	काका निर्माण सेवा	२७९९६८३३।७९	२६०९६०७४।००	६.८
१०	पोखरी मयम थामपोखरी	CM/NCB/W/03/079/080	मंगलादेबी कन्स्ट्रक्सन	६९९५९२५।१७	४०९५६८३।६०	४१.४५
११	चैनपुर रातमाटे बेंर्रे मावदिन सड	CM/NCB/W/04/079/080	बि.एम टी निर्माण सप्लायर्स	विवरण उपलब्ध नभएको	४०९९४९९।००	

बेरूजु दफा २६ सँग सम्बन्धित विवरण - अनुसूची -६

सि.नं.	पेश्की लिएको मिति	पेश्कीको विवरण	पेश्की लिनेको नाम	चालु आ.व.	
				म्याद ननाघेको	म्याद नाघेको
सँस्थागत पेश्की					
१	२०७८।७९	बिबिध कार्यक्रम खर्च	नवयुग युथ क्लब पोखरी चैनपुर ३,४ र ५ पोखरी सँखुवासभा		५००००।००
२	२०७८।७९	बिबिध खर्च	मनमोहन स्मृति प्रतिष्ठान		१०००००।००
	२०७८।७९	अन्य सार्वजनिक निर्माण	सँखुवासभा बहुमुखी क्याम्पस चैनपुर ६		१००००००।००
व्यक्तिगत पेश्की					
	२०७८।७९	सवारी साधन मर्मत खर्च	बिनोद राई		२५०००।००
जम्मा					११७५०००।००

बेरूजु दफा ५९ सँग सम्बन्धित विवरण - अनुसूची -८

सामाजिक सुरक्षा भत्ता सम्बन्धमा				
वडा नं.	व्यक्तिगत परिचय नं.	लाभग्राही नाम	ना.नं.	रकम भुक्तानी
दोस्रो त्रैमासिक				
२	2009050304327 2009050304319	Dhan Bahadur Tamang Dhan Bahadur Tamang	257581 257581	12000 12000
		तेस्रो त्रैमासिक		
२	2009050304327 2009050304319	Dhan Bahadur Tamang Dhan Bahadur Tamang	257581 257581	12000 12000
		चौथो त्रैमासिक		
२	2009050304327 2009050304319	Dhan Bahadur Tamang Dhan Bahadur Tamang	257581 257581	12000 12000
जम्मा				३६०००।००

बेरूजु दफा ६० सँग सम्बन्धित विवरण - अनुसूची -९

	प्रथम त्रैमासिक				
क्रस	वडा नं.	लाभग्राही नाम	ना.नं.	व्यक्तिगत परिचय नं.	रकम भुक्तानी
a. १	10	Barta kumari Jimi	857	2008123017338	12000
2.	10	Lachimaya Rai	857	2004123023525	12000
3.	9	Hari Bahadur Khatri	640	2006123273075	12000

4.	10	Chandra Kumari Khadka	640	2020031500503	7980
5.	9	Damvar Bahadur Khatri	604	2002010507602	12000
6.	9	Hari Maya Rai	604	2011012902214	8000
7.	11	Puspa Kumari Chauhan	2419	2008123185028	12000
8.	9	Bimala Rai	2419	2025122500171	7980
9.	10	Mana Maya Tamang	1889	1986052500112	12000
10.	11	Saraswoti Rawat	1889	2012123013065	7980
11.	10	Ratna Kumari Rai	1676	2007123190061	12000
12.	11	Puspa Lal Bishwokarma	1676	2018121002943	7980
13.	10	Khina devi Adhikari	1630	2005123020411	12000
14.	11	Phul Kumari Lohar	1630	2000051600235	12000
15.	10	Ambika Adhikari	1612	1994060100255	12000
16.	11	Samser Bahadur Luhar	1612	2008123092174	12000
17.	10	Padam Maya Darji	102035-1137	2012092700163	7980
18.	11	Tara Devi Raya	102035-1137	2028081000985	7980
19.	11	Krishna Bdr Bi. Ka	102023-1503	2059061500283	11970
20.	11	Tirtha Bi. Ka	102023-1503	2061010600088	11970
21.	4	Pabitra Limbu	2030	2000030400616	12000
22.	4	Chandra Mati Lingthap	2030	2017061501047	7980
23.	5	Chola Devi Subedi	85	2001050202734	12000
24.	5	Prem Bahadur Kandel	85	2000123053322	12000

बेरूजु दफा ६५ सँग सम्बन्धित विवरण - अनुसूची -१०

गो भा न	उपभोक्ता समितिको नाम	कामको विवरण	मुल्यौंकन	भुक्तानी	मेशिन प्रयोगको मु.अ.कर बिल
१२४	च्यानडाँडा सिङरिङ सडक स्तरबृद्धि उ.स.	Roadway Excavation in all type of soil & rock by Excavator Machine	४४१४९४।७५	३९७१४५।००	३९७१४५।००
१२६	खोपे ढुँगा देखि टारी हुदै पिलुवा खोलासम्म बाटो ट्याक ओपन उ.स.	Roadway Excavation in all type of soil & rock by Excavator Machine	३३४८८०।५०	२९९९९५।००	३३४८८०।५०
१३३	तारेडाडा निर्माण उ.स.	Roadway Excavation in all type of soil & rock by Excavator Machine	२२३१४८।५७	२०००००।००	२०००००।००
१६२	केशब अधिकारीको घर देखि खोल्सीबाट दलित बस्ती ट्याक ओपन उ.स.	Roadway Excavation in all type of soil & rock by Excavator Machine	१६६१३२।६८	१४६६७१।६६	१६६१३२।६८
१८६	कटहरे हुदै हेवा खोला बाटो वाईडिनिङ्ग उ.स.	Roadway Excavation in all type of soil & rock by Excavator Machine	२१८०७०।३४	१९३१४८।००	१९३१४८।००
१८८	बेलबोटे हुदै हेवा खोला वाईडिनिङ्ग उ.स.	Roadway Excavation in all type of soil & rock by Excavator Machine	३९०८७३।५२	३५१७८५।७०	३९०८७३।५२
२०१	प्रकाशेश्वर आ.बि. देखि सन्तोष घर हुदै मगर गाँउ ट्याक ओपन उ.स.	Roadway Excavation in all type of soil & rock by Excavator Machine	२७८०८३।६६	२५००००।००	२७८०८३।६६
२५३	घोडेनी खोला मुहान हुदै मैदानेसम्म सिँचाई योजना उ.स.	Roadway Excavation in all type of soil & rock by Excavator Machine	१२०२८७४।६९	९९०५४८।००	९९०५४८।००
२५८	मैदाने डाडा ओरिङ्गा महाभिरसम्म सडक स्तरोन्नती उ.स.	Roadway Excavation in all type of soil & rock by Excavator Machine	३३७१६४।००	२९८४५९।००	२९८४५९।००
१६७	थर्पु लड्के सडक ट्याक ओपन उ.स.	Roadway Excavation in all type of soil & rock by Excavator Machine	६६९२१३।००	६०००००।००	६६९२१३।००

३०८	राउत गाँउ हुदै हेवाखोला बाटो वाईडिनिङ्ग उ.स.	Roadway Excavation in all type of soil & rock by Excavator Machine	४३७१९३।००	३८७४४८।००	३८७४४८।००
३१९	साझखोला च्याङ्गे सडक रम्तेल टोल स्तरोन्नती उ.स.	Roadway Excavation in all type of soil & rock by Excavator Machine	२१९६६८।३१	१९७४०७।००	१९७४०७।००
४१८	लाम्पाते खाम्लिङ्ग घोर्ने बेलडाडा जोड्ने सडक स्तरोन्नती	Roadway Excavation in all type of soil & rock by Excavator Machine	५५१५४४।८६	४९१३९१।००	५५१५४४।८६

बेरूजु दफा ६६ सँग सम्बन्धित विवरण - अनुसूची -११

योजनाको नाम	निर्माण व्यसायी वा उपभोक्ता समितिको नाम	सम्झौता मिति	सम्पन्न गर्नुपर्ने मिति	सम्झौता रकम	यो बर्षसम्मको खर्च	प्रगति प्रतिशत
सिद्धपोखरी स्वास्थ्य चौकी निर्माण	एस एन्ड एस भोजपुरे कन्स्ट्रक्सन	२०७९/१२/१०	२०८०/०६/३०	१,६७,६१,५४३|-	५५,००,०००|-	५०%
चैनपुर जिरोप्वाईन्ट देखि पोखरी सडक मर्मत	बि.एम.टी निर्माण सप्लायर्स	२०७९/१२/२८	२०८०/०३ /१५	३८,३१,०७०|-	१,४०.००,०००|-	५०%
१५ शैया अस्पाताल निर्माण	स्वामिनारायण बिनायक जे.भी	२०७८/०३/२२	२०८०/०३/२०	१२,७०,५७,६०८|-	३,३१,००,०००|-(पेश्की सहित)	२५%
जम्मा				१४७६५०२२१।००	५२६०००००।००	३५.६२

बेरूजु दफा ६८ सँग सम्बन्धित विवरण - अनुसूची -१२

गो भा न	योजना नाम तथा विवरण	कार्यालयले भुक्तानी गरेको परिमाण (मुल्याँकन बिल)	पेश भएको बिजक अनुसारको परिमाण	बढी भुक्तानी भएको परिमाण	कार्यालयले भुक्तानी गरेको दर (जिल्ला दर रेट)	बढी भुक्तानी रकम
३६	देवालीटारमा कुल पुजा स्थलमा पुर्वाधार निर्माण\खत्री कुल व्यबस्थापन समिति	१८७ बोरा	९० बोरा	९७ बोरा	९२४	८९६२८।००

४९	सराङ बजार सिरान सोलिङ्ग तथा ढलान निर्माण उ.स.	१८५ बोरा	१५० बोरा	३५ बोरा	९२४	३२३४०।००
७७	चैनपुर न.पा. ४ र ५ वडा कार्यालयमा प्राविधिक शाखा राख्नका लागि कार्यालयको पुरानो कोठा भुई ढलान उ.स.	५० बोरा	४० बोरा	१० बोरा	९२४	९२४०।००
९२	बिहिबारे बजार हटिया व्यबस्थापन उ.स.	१४७ बोरा	१३० बोरा	१७ बोरा	९२४	१५७०८।००
२२७	पिलुवा खोला घर जाने बाटो निर्माण उ.स.	८८ बोरा	६० बोरा	२८ बोरा	९२४	२५८७२।००
२४१	जमाने गौडा तिखी ढुँगा सडक स्तरोन्नती उ.स.	१०० बोरा	७२ बोरा	२८ बोरा	९२४	२५८७२।००
२४३	शारदा मा बि त्रिशुलेको वाल निर्माण उ.स.	२७६ बोरा	१५५ बोरा	१२१ बोरा	९२४	१११८०४।००
जम्मा						३१०४६४।००

बेरूजु दफा ६९ सँग सम्बन्धित विवरण - अनुसूची -१३

सि.नं.	गो.भा.न.	विवरण	बिजक नं.	भुक्तानी कर्ताको नाम	भ्याट बाहेक रकम	मु.अ.कर	मुअकर को ३० प्रतिशत
१	३६	निर्माण कार्य	१२८	खाडाँदेवी हार्डवेयर पसल तुम्लिङ्गटार	३७७०१६।००	४९०१२।००	१४७०३।६०
२	१९५	मर्मत कार्य	०६	केश रँग महल बिर्तामोड	४१६४०४।००	५१४२५।००	१५४२७।५०
३	३४३	खरिद कार्य	४१,४४	डोमा कन्स्ट्रक्सन एण्ड सप्लायर्स पाँचखपन	७२००६०।००	९३६०८।००	२८०८२।४०
४	४१७	खरिद कार्य	६११	डोमा कन्स्ट्रक्सन एण्ड सप्लायर्स	१८७७१७।९९	२४४०३।००	७३२०।९०

				पाँचखपन			
५	४३१	खरिद कार्य	००००९०	डोमा कन्स्ट्रक्सन एण्ड सप्लायर्स पाँचखपन	१९८२५०।००	२५७७२।५०	७७३१।७५
जम्मा						२४४२२१।५०	७३२६६।४५

बेरूजु दफा ७१ सँग सम्बन्धित विवरण - अनुसूची -१४

भौ नं.	उपभोक्ता समिति	कामको विवरण	भुक्तानी रकम
७७	चैनपुर नगरपालिका वडा ४ र ५ कार्यालय पुरानो कोठा भुई ढलान निर्माण उ.स.	वडा ४ र ५ कार्यालय पुरानो कोठा भुई ढलान निर्माण	४४८९६८।००
७९	वडा कार्यालय मर्मत तथा रँगरोगन उ.स.	१० नं. वडा कार्यालय मर्मत तथा रँगरोगन	१५००००।००
जम्मा			५९८९६८।००

बेरूजु दफा ७३ सँग सम्बन्धित विवरण - अनुसूची -१५

गो भा । मिति	खरिद शिर्षक	पाइप साइज	परिमाण	खरिद गरेको फर्म	भुक्तानी रकम
२५।०७९।७।२७	आयोजना सँचालन कन्टेन्जेन्सी खर्च	५०mm HDEP Pipe	४२५ मि.	डोमा कन्स्ट्रक्सन एण्ड सप्लायर्स पाँचखपन	११५२६०।००
४४७।०८०।३।२१	लामपाते खानेपानीका लागि पाइप खरिद	३२mm HDEP Pipe २०mm HDEP Pipe	७०० मि. १९६५ मि.	मिनु आइरन स्टोर चैनपुर	१४००००।००
जम्मा					२५५२६०।००

बेरूजु दफा ८० सँग सम्बन्धित विवरण - अनुसूची -१६

गो भा न	फर्म	लागत अनुमान	मुल्याँकन	भुक्तानी हुनुपर्ने	भुक्तानी भएको	बढी भुक्तानी
२१४	एस एण्ड एस भोजपुरे कन्ट्रक्सन	३८८८००।००	३८२४००।६४	३८२४००।६४	४३९००५।००	५६६०४।३६

	चैनपुर					
२८६	काका निर्माण सेवा चैनपुर	२८२६८४।८१	२३३८६६।२७	२३३८६६।२७	२८२६८४।८१	४८८१८।५४
२९५	थुलुङ्ग कन्स्ट्रक्सन चैनपुर	८९०४६१।५१	८८१९६६।७२	८८१९६६।७२	८९०७११।००	८७४४।२८
जम्मा						११४१६७।१८

बेरूजु दफा ८३ सँग सम्बन्धित विवरण - अनुसूची -१७

बजेट शिर्षक	गो भा	भुक्तानी विवरण	भुक्तानी रकम
नगरपालिका पुजीगत	२२५	एक्सपर्ट टेक्निकल कलेज नेपाल प्रा.ली.	३४८६०५।००
करूणा फाउण्डेसन नेपाल	५५	सँलग्न कागजात अनुसार बिभिन्न शिर्षकमा रकम भुक्तानी	३०३७४।००
करूणा फाउण्डेसन नेपाल	८३	सँलग्न कागजात अनुसार बिभिन्न शिर्षकमा रकम भुक्तानी	३७६००।००
जम्मा			४१६५७९।००